मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

● वर्ष ३ ● अंक ३१० ● २०८२ साल असोज २५ गते शनिबार ● Saturday 11, October 2025 ● सूर्योदय: बिहान ०६:०२ बजे ● सूर्यास्त: साँझ ५:४१ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## मधेशको डिआइजीमा थपलिया



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामका प्रहरी नायव महानिरीक्षक (डिआइजी) मा केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)मा कार्यरत गोविन्द थपलिया आउने भएका छन् । यसअघिका डिआइजी उमाप्रसाद चतुर्वेदी नेपाल प्रहरीको अतिरिक्त महानिरीक्षक (एआइजी)मा बढुवा भएपछि थपलिया मधेश प्रहरी कमाण्ड सम्हाल्न आउन लागेका हुन् । शुक्रबार उनलाई मधेशको कमान्डमा गृहमन्त्री ओमप्रकाश अर्यालले सरुवा गरेका छन्। थपलिया मधेश सरुवा हुँदा सुदूरपश्चिम प्रदेश प्रहरीमा ओमबहादुर राना र प्रहरी महानिरीक्षकको सचिवालयमा कार्यरत विनोद घिमिरेलाई प्रशासन विभागमा सरुवा गरिएको छ। थपलिया पहिला धनुषामा प्रहरी उपरीक्षक भएका प्रहरी अधिकृत पनि हुन्।

# ‘देश, जनता, लोकतन्त्र र संविधान रक्षाका लागि निर्वाचन’



**मधेशदृष्टि**
**काठमाडौँ।**
राष्ट्रपति रामचन्द्र पौडेलले देश, जनता लोकतन्त्र र संविधानको रक्षाका लागि निर्वाचन एक मात्र विकल्प भएको बताउँदै फागुन २१ गतेका लागि तोकिएको प्रतिनिधिसभा निर्वाचनमा केन्द्रित हुन दलहरूलाई आग्रह गरेका छन् । राष्ट्रपति पौडेलले शुक्रबार शीतल निवासमा आह्वान गरेको अन्तरिम सरकारसहितको सर्वदलीय बैठकमा यस्तो आग्रह गरेका हुन् ।

उनले शान्ति सुरक्षाको आवश्यक प्रबन्ध गरी निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन गराउने विश्वास आमनागरिकलाई दिलाउन सरकारलाई सुझाव दिएको प्रेस सल्लाहकार किरण पोखरेलले बताए । राष्ट्रपति पौडेलले लोकतन्त्रको रक्षाका लागि सबै मिलेर निर्वाचन सम्पन्न गराउनुपर्ने बताए । पौडेलले राजनीतिक दलहरूमा कुनै द्विविधा र अस्पष्टता भए बैठकमा राख्न आग्रह गर्दै निर्वाचनबाहेक अन्य विकल्प खोज्न थालिए देशलाई कहाँ पु¥याउँछ भन्ने पनि सोच्न आग्रह गरे । उनले पार्टीहरूले पनि कन्फ्युजन सृजना नगरी जेन्जीको माग पनि आफूहरूले पूरा गर्ने भनेर जनतामा जान आग्रह गर्दै दलहरूको सुरक्षाको चिन्तालाई सरकारले तत्काल सम्बोधन गर्नुपर्ने बताए ।

बैठकमा सहभागी राजनीतिक दलका नेताहरूले लोकतन्त्रमा विश्वास गर्ने राजनीतिक दलहरू निर्वाचनमा जान सधैँ तयार रहेको बताउँदै अहिलेको सुरक्षा व्यवस्थाले निष्पक्ष र स्वतन्त्र वातावरणमा निर्वाचन हुने विषयमा संशय पैदा भएको बताएका थिए । उनीहरूले यो शंका र संशय हटाएर निष्पक्ष, स्वतन्त्र र भयरहित वातावरणमा निर्वाचन सम्पन्न हुने विश्वास दिलाउन सरकारले सक्नुपर्ने बताएका थिए ।

अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्कीले दलहरूको सहभातिाविना निर्वाचन नहुने विषयमा सरकार प्रष्ट जानकार रहेको भन्दै स्वतन्त्र, निष्पक्ष र भयरहित निर्वाचन गराउन सरकारले शान्ति सुरक्षाको प्रबन्ध गर्ने विश्वास दिलाइन् ।

जेन्जीहरू हामीहरू सबैको छोरा नाति भएकाले उनीहरूले किन आज यस्तो असन्तुष्टि व्यक्त गरे भन्ने बुझेर परिवर्तनलाई आत्मसात् गर्दै अगाडि बढ्न दलहरूलाई आग्रह गरिन् ।

बैठकमा अन्तरिम सरकारका प्रधानमन्त्री कार्कीसहित सबैमन्त्री सहभागी थिए ।

बैठकमा नेपाली कांग्रेसबाट उपसभापति पूर्णबहादुर खड्का र महामन्त्री गगन थापा, नेकपा एमालेबाट वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल र महासचिव शंकर पोखरेल, नेकपा माओवादी केन्द्रबाट वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ, सचिव वर्षमान पुन सहभागी थिए ।

राष्ट्रिय स्वतन्त्र पार्टीबाट कार्यबाहक सभापति डिपी अर्याल र सहमहामन्त्री विपिन कुमार आचार्य, राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रवक्ता ज्ञानेन्द्र शाही र मिना लामा, नेकपा एकीकृत समाजवादीका उपाध्यक्ष राजेन्द्र पाण्डे र महासचिव घनश्याम भुषाल सहभागी थिए ।

त्यस्तै, जनता समाजवादी पार्टीकी रेनु यादव, जसपा नेपालका विद्युत बज्रचार्य र प्रकाश अधिकारी, जनमत पार्टीका चन्द्रकान्त राउत र जय कुमार राउत, लोकतान्त्रिक समाजवादी पार्टीबाट ज्ञानेन्द्र झा र सर्वेन्द्रनाथ शुक्ला, नागरिक उन्मुक्ति पार्टीबाट रेशम चौधरी र नेपाल मजदुर किसान पार्टीबाट सुनिल प्रजापति सहभागी थिए ।

# मधेशका मुख्यमन्त्रीले २८ गते विश्वासको मत लिने



**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
आफ्नै पार्टीले सरकारबाट फिर्ता बोलाउँदासमेत बेवास्ता गर्दै आएका मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले असोज २८ गते प्रदेश सभामा विश्वासको मत लिने भएका छन् । मुख्यमन्त्री सिंहले असोज २८ गते मंगलबार प्रदेश सभामा विश्वासको मत लिन लागेका हुन् ।

‘नेपालको संविधानको धारा १८८ को उपधारा (२) बमोजिम विश्वासको मतका लागि मिति २०८२–६–२८ गते व्यवस्था मिलाई दिनुहुन अनुरोध गर्दछु,’ प्रदेश सभामा पठाइएको पत्रमा भनिएको छ । १ सय ७ सदस्यीय मधेश प्रदेश सभामा हाल १ सय ५ जना सदस्य कायम छन् । सिंह नेतृत्वको सरकारमा रहेको नेपाल कम्युनिष्ट पार्टी एमाले र नेपाली कांग्रेसले सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि उनले प्रदेशसभाबाट विश्वासको मत लिन लागेका हुन् । मधेश प्रदेशमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) का एक निलम्बितसहित २५, नेपाली कांग्रेसका २२, जनता समाजवादी पार्टी नेपालका १९, जनमत पार्टीका १३, माओवादी केन्द्रका नौ, लोकतान्त्रिक समाजवादी पार्टी, नेपालका एक निलम्बितसहित नौ, नेकपा एकीकृत समाजवादी पार्टीका सात तथा राप्रपा, नागरिक उन्मुक्ति पार्टी र सङ्घीय समाजवादी पार्टीका एक–एक जना प्रदेशसभा सदस्य छन् ।

अहिलेको समयमा मुख्यमन्त्रीले विश्वासको मत पाउने सम्भावना भने न्यून छ । मुख्यमन्त्री सिंहले प्रतिनिधित्व गर्ने दल जनमत विपक्षमा बस्दै आएको छ । अहिलेको अवस्थामा मुख्यमन्त्रीसँग लोसपाको मात्रै साथ छ । तर लोसपाले के गर्ने भन्ने निर्णयमा पुगेको छैन । मुख्यमन्त्री सिंहले विश्वासको मत लिने तयारी गरिरहँदा उनकै पार्टी जनमतले भने नेकपा एमालेको साथमा नेपाली कांग्रेसको नेतृत्वको सरकार गठनको लागि प्रदेश प्रमुख कार्यालयमा दाबी दर्ता गराइसकेको छ । यस्तो अवस्थामा मुख्यमन्त्री सिंहले विश्वासको मत पाउने सम्भावना न्यून छ ।

दुई ठूला सत्ता साझेदार दल नेकपा एमाले र नेपाली कांग्रेसले औपचारिक रूपमा समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री सिंहको सरकार अल्पमतमा परेको हो । एमाले र कांग्रेसले समर्थन फिर्ता लिएलगत्तै, ती दलहरू जनमत पार्टीसँग मिलेर नेपाली कांग्रेसको नेतृत्वमा नयाँ सरकार गठनका लागि प्रदेश प्रमुखसमक्ष ५८ जना प्रदेश सभा सदस्यको हस्ताक्षरसहित बहुमतको दाबी पेश गरिसकेका छन् ।

# राष्ट्रपतिका लागि भूगोल छाडेका किसानले फिर्ता गरे कुटनीतिक राहदानी

**मधेशदृष्टि**
**बारा ।**
बारा निर्वाचन क्षेत्र नम्बर ४ का निवर्तमान सांसद कृष्णकुमार श्रेष्ठ किसानले कुटनीतिक राहदानी फिर्ता गरेका छन् । उनले शुक्रबार सामाजिक सञ्जाल फेसबुकमा लेख्दै प्रतिनिधि सभा विघटन भएपछि कुटनीतिक राहदानी फिर्ता गरिएको र संघीय संसद सचिवालयले प्रमाणितसमेत गरेको बताएका छन् ।

‘भदौ २३ र २४ गते भएको जेन्जी आन्दोलनपश्चात प्रतिनिधि सभा विघटन भएसँगै मैले कुटनीतिक राहदानी संघीय संसद सचिवालयअन्तर्गत अन्तर्राष्ट्रिय सम्पर्क तथा समन्वय शाखामा फिर्ता गरेको छु,’ उनले भने, ‘संघीय संसद सचिवालयलेसमेत प्रमाणित गरिसकेको छ ।’ उनले २०७९ सालको निर्वाचनमा अत्याधिक मतले विजयी गराएर दोस्रोपटक संसदको यात्रा तय गराइदिने बारा निर्वाचन क्षेत्र नम्बर ४ का मतदातालाई पनि आभार प्रकट गरेका छन् ।

‘सांसद नभए पनि मधेश र मधेशमा बसोबास गर्ने नागरिकको हकहित र अधिकार संरक्षणका लागि दिलो ज्यान लगाएर लाग्ने प्रतिवद्धता व्यक्त गर्दछु,’ श्रेष्ठले भनेका छन्, ‘जेन्जी आन्दोलनका कारण उत्पन्न राजनीतिक परिस्थितिप्रति पूर्ण समर्थन छ र देशमा शान्ति, सुव्यवस्था र अमनचयनको वातावरण सिर्जना हुन नयाँ जनादेशबाट मात्र सम्भव छ, त्यसैले फागुन २१ गते तोकिएको प्रतिनिधि सभाको निर्वाचन शान्त, भयरहित र तोकिएकै समयमा हुनुपर्छ ।’



**तनहुँका नेता, मधेशका सांसद**
२०७८ भदौ ९ गते माधवकुमार नेपाल नेतृत्वमा नेकपा एकीकृत समाजवादी पार्टी निर्माण भएपछि नेकपा एमाले छाडेर समाजवादीमा लागेका किसान श्रेष्ठका लागि २०७९ को निर्वाचन फलामको च्युरा सावित भएको थियो । उनी नेकपा एमालेबाट तनहुँ निर्वाचन क्षेत्र नम्बर १ मा विजित सांसद थिए तर गठबन्धनको निर्वाचनमा उनलाई तनहुँमा अन्याय भएको थियो । उनी तनहुँबाट मधेशको बाराको ४ नम्बर क्षेत्रमा सांसदको उम्मेदवार बनेका थिए । विजयी पनि भए । १० हजारको मतान्तरसहित श्रेष्ठ निर्वाचित भएका थिए । श्रेष्ठले २९ हजार ५ सय ५ मत प्राप्त गरेका थिए भने निकटतम प्रतिद्धन्दी नेकपा एमालेका एकवाल मियाँले १९ हजार ४ सय ३९ मत प्राप्त गरेका थिए । निर्वाचनमा ७५ हजार ६२ मत खसेको थियो ।

**किन पठाइए मधेशमा ?**
नेकपा एमालेमा माधवकुमार नेपाल समूहको विद्रोहपछि नेपालसँग त्यतिखेर नेपालसँग भएका सबै सांसदलाई तत्तत् भूगोलमा टिकट सु्निश्चित भएको बताइएको थियो । यस हिसाबले माधवुकमार नेपालको पार्टीमा लागेका किसान श्रेष्ठ मन्त्री पनि भएका थिए र तनहुँ–१ मा कांग्रेस– माओवादी– समाजवादी गठबन्धनबाट उनको टिकट पक्का थियो । तर २०७९ को निर्वाचनको टिकट बाँडफाँडअघि एकदिन बिहान पार्टी अध्यक्ष नेपालले श्रेष्ठलाई घर बोलाए । बिहानै पुग्दा नेपाल निवासमा तनहुँका रामचन्द्र पौडेल बसिरहेका थिए । उनी पुगेपछि नेपालले भने, ‘एकपटक रामचन्द्रजीको कुरा सुनिदिनोस् त ।’ रामचन्द्र पौडेलले अब अन्तिमपटक चुनाव लडिने र एकपटकलाई तनहुँ–१ छाडिदिन भनेपछि श्रेष्ठ विलखबन्दमा परे । किनभने माधव नेपालसहित सबैको भूगोल पक्का भएको गठबन्धनको सहमति थियो । तर रामचन्द्र पौडेलका लागि माधव नेपालले नै भूगोल छाड्न भनेपछि किसान श्रेष्ठ तनहुँ छाडेर मधेश झर्नु परेको थियो । गठबन्धनको परिणाममा रामचन्द्र पौडेल र किसान श्रेष्ठ दुवै निर्वाचित भए । उनै रामचन्द्र पौडेल पछि राष्ट्रपति भए र उनका ठाउँमा कांग्रेस छाडेर गएका रास्वपाका स्वर्णिम वाग्ले विजयी भए ।

मधेशको सांसद भएपछि किसान श्रेष्ठ भने व्यापार, व्यवसाय पनि तनहुँबाट मधेशमै सारेर सक्रिय भएका थिए । प्रतिनिधि सभा विघटन भएपछि पनि उनी मधेशकै सक्रिय छन् । पछिल्लो समय उनको पार्टी अध्यक्ष नेपालसँग पनि केही दूरी बढेको पाइएको छ । उनले नैतिकताका आधारमा सामाजिक सञ्जालमै लेखेर कुटनीतिक राहदानी फिर्ता गरेको बताएपछि अरु निवर्तमान सांसदहरुलाई पनि दबाब बढेको छ ।

# भारी मात्रामा कर्मचारी कटौती हुँदै




**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाले अस्थायी, करार र ज्यालादारी कर्मचारीहरूको म्याद नथप्ने निर्णय गरेको छ । यो निर्णयसँगै स्वीकृत दरबन्दी बाहेकका यी कर्मचारीहरूले असोज मसान्तदेखि काम गर्न पाउने छैनन् । महानगरपालिकाले नेपाल सरकार (मन्त्रिपरिषद्को) निर्णय, अर्थ मन्त्रालयको परिपत्र तथा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको विज्ञप्तिको आधारमा यो कदम चालेको हो । महानगरपालिकाका प्रशासन तथा व्यवस्थापन महाशाखा प्रमुख सुनिल कुमार कर्णले २०८२ असोज २१ गतेको निर्णयानुसार सार्वजनिक सूचना जारी गर्दै सम्बन्धित सबैलाई असोज मसान्तदेखि अस्थायी प्रकृतिका कर्मचारीलाई कामकाजमा नलगाउन निर्देशन दिएका छन् । सरकारले २०८२ असोज ५ गते मन्त्रिपरिषद्बाटै विभिन्न सरकारी निकायमा अनावश्यक रूपमा राखिएका अस्थायी कर्मचारीलाई हटाउने र प्रशासनिक खर्च घटाउने नीति लिएको थियो । अर्थ मन्त्रालयको असोज ७ गतेको परिपत्र र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको असोज ८ गतेको विज्ञप्तिले यो निर्णयलाई कार्यान्वयन गर्न थप स्पष्ट पारेको छ । यस निर्णयले अब सरकारी निकायहरूले स्थायी दरबन्दी बाहेकका अस्थायी कर्मचारीलाई निरन्तरता दिन नपाउने कुरा स्पष्ट पारेको छ ।

# खाद्य संस्थान चलाउन नगरपालिकाले दियो सामग्री

**सिरहा ।**
जेन्जी प्रदर्शनक्रममा लुटपाट, आगजनी र तोडफोडबाट क्षतिग्रस्त भएको खाद्य व्यवस्था तथा व्यापार कम्पनीको लहान शाखा कार्यालय पुनः सञ्चालनमा ल्याउन लहान नगरपालिकाले आवश्यक सामग्री सहयोग गरेको छ ।

नगरप्रमुख महेशप्रसाद चौधरीले संस्थानलाई कम्प्युटर, प्रिन्टर, १० वटा कुर्सी, चारवटा टेबल, १० वटा प्लास्टिकका टेबललगायत सामग्री हस्तान्तरण गर्दै कार्यालयलाई स्थायित्व दिन स्थानीय सरकार प्रतिबद्ध रहेको बताए । उनले भने, 'खाद्य संस्थानका कारण यहाँका किसानले धानको उचित मूल्य पाएका छन्, त्यसैले कार्यालय अन्यत्र स्थानान्तरण गर्नु उपयुक्त हुँदैन । स्थानीय तहको सहयोगमा यो कार्यालयलाई यहीँ टिकाइराख्ने निर्णय गरेका हौँ ।'

यसअघि पनि लहानको खाद्य संस्थानमा पटकपटक लुटपाट भएकाले कार्यालय स्थानान्तरणको बहस चलिरहेको अवस्थामा स्थानीय तहको सक्रियतामा कार्यालयलाई पुनः सञ्चालनमा ल्याउने प्रयास गरिएको हो । कार्यालय पुनः सञ्चालनका लागि आवश्यक सामग्री प्राप्त भएपछि व्यापार कम्पनी लहान शाखाका प्रमुख दीपक सुनारले कार्यालय सञ्चालनका लागि आवश्यक सामग्री प्राप्त भएसँगै दैनिक कामकाज सहज भएको उल्लेख गरे । उनले भने, 'नयाँ सामग्री पाएसँगै नियमित रूपमा दैनिक प्रशासनिक कार्य सहज र व्यवस्थित रूपमा सञ्चालन गर्न सहयोग पुग्नेछ ।'

कार्यालयका अनुसार भदौ २४ गतेको जेन्जी प्रदर्शनका क्रममा खाद्य संस्थानको कार्यालयमा आगजनी हुनुका साथै चारवटा गोदाममा भण्डारण गरिएको आठ हजार १ सय ४८ क्विन्टल चामल, तीन हजार २ सय २० क्विन्टल चिनी, ५३ क्विन्टल २१ किलो धान र ९८ हजार ८ सय १५ थान जुटका बोरा लुटिएका थिए ।

त्यसैगरी, खाद्यान्न भण्डारणमा प्रयोग हुने विशेष प्रकारका 'फ्युमिगेसन सिट' समेत लुटिएको थियो । संस्थानका अनुसार लुटपाटबाट भएको अनुमानित क्षति १० करोड ९१ लाख २२ हजार ८ सय २७ रुपैयाँ छ । लुटपाटपछि स्थानीय युवा र प्रशासनको संयुक्त प्रयासमा दुई सय ९३ क्विन्टल ४३ किलो चामल र सात क्विन्टल ८४ किलो चिनी फिर्ता भएको खाद्य संस्थानले जनाएको छ ।

यसअघि पनि २०६३ सालको मधेश आन्दोलनलगायत विभिन्न आन्दोलनका क्रममा गरी तीनपटकसम्म लहानको खाद्य कम्पनीमा लुटपाट भइसकेको छ । सोही कारणले आगामी दिनमा सामान्य आन्दोलनका बेलामा पुनः लुटपाटको जोखिम उच्च रहेको स्थानीय बताउँछन् ।

# कांग्रेस पदाधिकारी बैठक शनिबार पुनः बस्ने

**काठमाडौँ ।**
नेपाली कांग्रेसका पदाधिकारी तथा पूर्वपदाधिकारीहरूको बैठक शुक्रबार पनि सकिन नसकेपछि अब शनिबार पुनः बस्ने भएको छ । बिहीबारदेखि पार्टी केन्द्रीय कार्यालय सानेपामा शुरु भएको बैठकमा केन्द्रीय कार्यसम्पादन समितिका सदस्यहरू समेत सहभागी भएपछि नेताहरूले क्रमैसँग धारणा राख्ने क ्रममा समय अभाव भएको कारण बैठक स्थगित गरिएको हो । बैठकमा मुलुकको विद्यमान राजनीतिक जटिलता, पार्टीको भूमिका तथा आगामी रणनीतिबारे विस्तृत छलफल भइरहेको एक नेताले जानकारी दिए । उनका अनुसार, देशलाई स्थायित्व र सहकार्यको दिशामा कसरी अगाडि बढाउने भन्ने विषय बैठकको केन्द्रमा रहेको छ ।नेताहरूले पार्टीभित्रको संगठनात्मक सुदृढीकरण, आगामी निर्वाचनका तयारी, र राष्ट्रिय राजनीतिमा कांग्रेसको स्पष्ट र दृढ धारणा बनाउनुपर्ने आवश्यकताबारे जोड दिएका छन् । बैठकमा सहभागी एक पदाधिकारीले भने, 'कार्यसम्पादन समितिमा रहेका साथीहरू समेत उपस्थित रहेकाले सबैले आफ्ना विचार राख्न समय दिइरहेका छौं । केही नेताहरूले अझै बोल्न बाँकी भएकाले भोलि बिहान ११ बजे पुनः बैठक बोलाइएको हो ।'

उनका अनुसार बैठकले आगामी असोज २६ गते बस्ने केन्द्रीय कार्यसम्पादन समितिको बैठकका लागि साझा धारणा तयार पार्ने उद्देश्य राखेको छ ।

'अहिलेको छलफल मूलतः त्यस बैठकमा प्रस्तुत हुने एजेन्डा र निष्कर्ष तय गर्ने गृहकार्यकै रूपमा अघि बढिरहेको छ,' उनले भने ।

पार्टी नेतृत्वले महाधिवेशन तोकिएको समयमा गर्ने कि अर्ली (पूर्वनिर्धारित मितिभन्दा अघि) अधिवेशन गर्ने भन्ने विषयमा पनि बैठकमा मतभेद देखिएको बताइएको छ । कतिपय नेताहरूले तत्काल महाधिवेशन तयारीमा लाग्नुपर्ने धारणा राखेका छन् भने केहीले परिस्थितिअनुसार समयमै गर्ने पक्षमा विचार व्यक्त गरेका छन् ।

शनिबार बस्ने बैठकले यी विषयमा साझा समझदारी बनाएर पार्टीको आगामी कदमका बारेमा ठोस निष्कर्ष निकाल्ने अपेक्षा गरिएको छ ।

# दुई क्विन्टल गाँजा बरामद

**सिरहा ।**
सिरहाबाट ठूलो परिमाणमा लागुऔषध गाँजा बरामद भएको छ । सशस्त्र प्रहरी बलको गस्ती टोलीले आज बिहान भगवान् गाउँपालिका–२ स्थित बलान नदी किनारबाट २ सय १९ किलो ४०० ग्राम गाँजा बरामद गरेको हो । यहाँस्थित सशस्त्र प्रहरी बलका प्रमुख नरेश भण्डारीका अनुसार खोला किनारमा लुकाइएको अवस्थामा नौ बोरा गाँजा बरामद भएको हो । खोला किनारमा गाँजा लुकाउने व्यक्ति वा समूहको खोजी जारी छ ।

# आयो एन्टीरेबिज भ्याक्सिन

**मधेशदृष्टि**
**वीरगंज ।**
लामो समयको अभावपछि वीरगंजस्थित नारायणी अस्पतालमा एन्टीरेबिज भ्याक्सिन आएको छ । अस्पतालका प्रवक्ता डा. उदयनारायण सिंहका अनुसार करिब तीन महिनापछि चार सय भाइल भ्याक्सिन अस्पतालमा पुगेको छ । प्रत्येक भाइलमा तीन डोज हुने हुँदा करिब चार सय जनाले भ्याक्सिन सेवा प्राप्त गर्न सक्नेछन् । डा. सिंहले बताए अनुसार अस्पतालमा दैनिक सरदर १०–१५ जना कुकुर वा बिरालोको टोकाइबाट भ्याक्सिनका लागि आउने गरेका थिए । हाल उपलब्ध भ्याक्सिनले करिब एकदेखि डेढ महिनासम्मको माग धान्ने अनुमान गरिएको छ । नारायणी अस्पतालमा लामो समय भ्याक्सिनको अभाव हुँदा स्थानीय जनतामा समस्या देखिएको थियो ।

# दुर्घटनामा तीन जनाको मृत्यु

## घाइतेको थप उपचारका लागि सुर्खेत उद्धार

**हुम्ला ।**
चंखेली गाउँपालिका–४ देसीखोलामा शुक्रबार बिहान ११ बजे बोलेरो जीप दुर्घटना परी घाइते भएकाहरूको थप उपचारका लागि प्रादेशिक अस्पताल सुर्खेतमा उद्धार गरिएको छ ।

घाइते भएका सिमकोट गाउँपालिका–८ का महेन्द्र रोकाया, उहाँका छोरा र चंखेली गाउँपालिका–४ की पार्वती सिराको नेपाली सेनाको हेलिकप्टरमार्फत उद्धार गरिएको हो । घाइते भएका अन्य चार जनाको पनि पुनः उद्धारको तयारी भइरहेको स्थानीय ध्रुव शाहीले बताए । सोही गाउँपालिका–६ को मेल्छामबाट गाउँपालिका केन्द्र पिप्लाङ हुँदै सुर्खेत जाने क्रममा जीप दुर्घटनामा परेको थियो ।

आज दुर्घटनामा परी तीन जनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय हुम्लाका प्रहरी नायव उपरीक्षक शङ्कर पोखरेलले जानकारी दिए । उनका अनुसार बोलेरो जीप दुर्घटना हुँदा मृत्यु हुनेमा चंखेली गाउँपालिका–६ मनवीर बुढा, उहाँका छोरा र सिमकोट गाउँपालिका–८ की वसन्ती बुढा रहेका छन् ।

त्यहाँ रहेको प्रहरी चौकीका प्रहरी र सर्वसाधारणले घटनास्थलमा पुगेर घाइतेको उद्धार गरेका थिए । ग्रामीण कच्ची सडकबाट जीप तीन सय मिटर तल खसेको थियो । कर्णाली प्रदेश०२००१च १०९१ नम्बर जीप दुर्घटनामा परेको हो ।रासस

# अनुदान आवेदन प्रक्रिया नरोक्न अनुरोध


**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज उद्योग वाणिज्य सङ्घले गत आर्थिक वर्षको निर्यात अनुदान आवेदन प्रक्रिया रोक्ने उद्योग विभागको निर्णय फिर्ता लिन र निर्यातकर्तालाई आवेदन दिने म्याद थप गर्न नेपाल सरकारसँग आग्रह गरेको छ ।

सङ्घका अध्यक्ष हरिप्रसाद गौतमद्वारा शुक्रबार जारी विज्ञप्तिमा भनिएको छ, नेपाल सरकारले विगत वर्षहरूमा केही वस्तुहरूको निर्यातमा अनुदान दिने व्यवस्था गरेकोले निर्यात प्रवद्र्धनमा उल्लेखनीय सफलता हासिल भएको थियो। तर, उद्योग विभागले मिति २०८२ असोज २३ गते प्रकाशित सूचनामार्फत 'आर्थिक वर्ष २०८१–८२ मा निर्यात गरिसकेका निर्यातकर्ताहरूले बुझाउने आवेदनहरू यस वर्ष प्रक्रिया नगर्ने' भनी निर्णय गर्दा निर्यात क्षेत्रको मनोबलमा नकारात्मक असर पर्ने बताइएको छ ।

# चन्द्रनिगाहपुरसहित तीन परीक्षा केन्द्रको परीक्षा रद्द

**मधेशदृष्टि**
**वीरगंज ।**
भदौ २२ र २३ गतेको जेन–जी आन्दोलनमा उत्तरपुस्तिका नष्ट भएका त्रिभुवन विश्वविद्यालयका विद्यार्थीको पुनः परीक्षा सञ्चालन हुने भएको छ । अनारमनी (झापा), चन्द्रनिगाहपुर (रौतहट) र नारायणपुर (दाङ) केन्द्रका परीक्षा रद्द गरिएको परीक्षा नियन्त्रण कार्यालयले जनाएको छ ।

यहाँस्थित इलाका प्रहरी कार्यालयमा तोडफोड र आगजनी हुँदा त्यहाँ राखिएका उत्तर पुस्तिका नष्ट भएकाले पुनः परीक्षा सञ्चालन गरिने कार्यालयले जनाएको छ । परीक्षाको समय तालिका पछि तोकिने कार्यालयले जारी गरेको सूचनामा उल्लेख छ ।








**छिटीको व्यापारः** सर्लाहीको कौडेना गाउँपालिका–६ सक्रौलस्थित पासवान टोल निवासी हरिशङ्कर मुखिया बाँसको छिटी अटोमा राखेर बिक्रीका लागि बजार लैजाने तयारी गर्दै । एउटा छिटी ३०० रुपैयाँसम्ममा बिक्री हुने गरेको छ । यहाँका डोम समुदायले पुर्खौली पेसाको रुपमा आवश्यकता अनुसार बाँसका सामाग्री बनाएर परिवारको गुजारा गरिरहेका छन् । तस्बिरः रासस

# महानगरको पुनर्निर्माण अभियान तीव्रगतिमा

**मधेशदृष्टि**
**वीरगंज ।**
गत भदौ २४ गते जेन–जी आन्दोलनका क्रममा भएको तोडफोड र आगजनीले वीरगंज महानगरपालिकाको कार्यालयमा भएको ठूलो क्षतिपछि पुनर्निर्माण कार्यलाई तीव्रता दिइएको छ ।

महानगरका प्रमुख राजेशमान सिंहको कार्यकक्ष, उपप्रमुख इम्तियाज आलमको कार्यकक्ष, स्वास्थ्य शाखा, शैक्षिक प्रशासन महाशाखा, योजना शाखा, यान्त्रिक शाखा, वातावरण शाखा, राजश्व सङ्कलन शाखा, लेखा शाखा, जिन्सी शाखा र प्रमुख प्रशासकीय अधिकृतको क्वाटरमा समेत क्षति पुगेको थियो । आगजनी र तोडफोडले करिब १ सय १५ करोड रुपैयाँको क्षति भएको प्रमुख प्रशासकीय अधिकृत अरविन्द लाल कर्णले बताए ।

महानगरपालिकाले पुनर्निर्माणलाई प्राथमिकतामा राखेर तीव्र गतिमा काम अघि बढाएको छ । प्रमुख सिंहका प्राविधिक सल्लाहकार प्रकाश बहादुर अमात्यका अनुसार, आगजनीबाट पूर्ण रूपमा नष्ट भएका दुई वटा भवनलाई भत्काएर नयाँ निर्माण गर्ने योजना छ ।

नयाँ भवन निर्माणका लागि नगर परिषद्को बैठकबाट विशेष बजेट अनुमोदन गरिएको छ भने दातृ निकायहरूसँग समन्वय भइरहेको छ ।

पुनर्निर्माणको पहिलो प्राथमिकतामा राजश्व सङ्कलन शाखालाई राखिएको छ । शाखालाई महानगरको सभा कोठाको तलमा स्थानान्तरण गरी निर्माण कार्य शुरु भएको अमात्यले बताए । 'राजश्व शाखा महानगरको आर्थिक गतिविधिको मेरुदण्ड हो, त्यसैले यसको पुनस्र्थापनालाई प्राथमिकता दिइएको छ,' उनले भने । लेखा शाखालाई पनि राजश्व शाखाको छेउमा निर्माण गर्ने तयारी भइरहेको छ ।

महानगर भित्र रहेको पूर्वतर्फका भवनहरूमा ठूलो क्षति नभएकोले भवनमा रंगरोगन र मर्मत कार्य तीव्र गतिमा भइरहेको छ । योजना शाखाको भवनको पहिलो र दोस्रो तलमा बढी क्षति भएको छ, तर तेस्रो तलमा खासै क्षति नभएको अमात्यले जानकारी दिए । 'पहिलो र दोस्रो तलको मर्मतसँगै तेस्रो तलमा पनि आवश्यक मर्मत गरेर योजना शाखालाई पुनः सञ्चालनमा ल्याउने योजना छ,' उनले बताए । भवनमा शैक्षिक प्रशासन महाशाखालाई पनि स्थानान्तरण गरी काम शुरु गरिने भएको छ ।

आगजनीमा लेखा, राजश्व र शैक्षिक प्रशासन महाशाखाका कागजात र उपकरणहरू पूर्ण रूपमा नष्ट भए पनि ९५ प्रतिशत कागजातहरूको डिजिटल प्रतिलिपि सुरक्षित रहेको अमात्यले बताए । 'राजश्व शाखाका अधिकांश डकुमेन्टहरू डिजिटल रूपमा सुरक्षित छन्, जसले पुनर्निर्माण र सेवा प्रवाहमा सहजता ल्याएको छ,' उनले बताए । । डिजिटल प्रतिलिपिको आधारमा शाखाहरूको काम निरन्तर भइरहेको छ । आगजनीमा नष्ट भएका कम्प्युटर, प्रिन्टर, हार्ड ड्राइभलगायतका उपकरणहरू खरिदका लागि महानगरले तयारी गरिरहेको छ । साथै, नगर प्रहरीमार्फत लुटपाट गरिएका सामानहरू फिर्ता ल्याउने अभियान पनि चलिरहेको छ । पुनर्निर्माण कार्य अन्तिम चरणमा पुगेको र एक साताभित्र अधिकांश कार्य सम्पन्न हुने अमात्यले दाबी गरे ।

# कटहरिया नगरपालिकाका सबै वडामा तालाबन्दी




**रौतहट ।**
लामो समयदेखि बक्यौता तलब तथा सेवा सुविधा नपाएको भन्दै रौतहटको कटहरिया नगरपालिकामा कार्यरत करार तथा ज्यालादारी कर्मचारीहरू आन्दोलनमा उत्रिएका छन् । उनीहरूले आफ्ना माग पूरा नभएसम्म आन्दोलन जारी रहने चेतावनी दिँदै नगरका सबै वडा कार्यालयहरूमा तालाबन्दी गरेका छन् ।

तालाबन्दीका कारण कार्यालयले प्रदान गर्दै आएको नियमित प्रशासनिक कामकाज ठप्प भएको छ । वडा नं–८ का कर्मचारी मुकुन्द यादवका अनुसार सबै वडाका कर्मचारीहरूले सामूहिक रूपमा तालाबन्दी गर्दै कार्यालयका साँचो (चाबी) आ–आफ्नो जिम्मामा राखेका छन् । 'हामीले बारम्बार माग राख्यौँ, तर पालिकाले बेवास्ता ग¥यो, त्यसैले तालाबन्दी गर्नुप¥यो,' उनले भने ।

वडा नं–१ का करार कर्मचारी मुकेश कुस्वाहाले तलब तथा सेवा सुविधाको भुक्तानी नगरेसम्म आन्दोलन जारी रहने बताए । उनका अनुसार, यसअघि संयुक्त रूपमा नगरपालिकालाई ज्ञापन पत्र बुझाइए पनि मागप्रति कुनै गम्भीरता नदेखाइएपछि तालाबन्दी गर्न बाध्य भएका हुन् ।

नगरप्रमुख अजय प्रकाश जयसवालले भने आफू नगरपालिकामा कार्यरत स्थायी, अस्थायी, करार र ज्यालादारी सबै कर्मचारीको तलब भुक्तानी गर्न तयार रहेको स्पष्ट पारे । 'म कर्मचारीको सबै बक्यौता तलब भुक्तानी गर्न तयार छु,' उनले भने, 'तर वडा अध्यक्षहरूको उक्साहटले बिना कारण तालाबन्दी गरेर जनतालाई दुःख दिइरहेका छन् ।'

नगरप्रमुख जयसवालका अनुसार कर्मचारीहरूको तलब बापतको रकम नगरपालिकाको रेड बुकमा नै छुट्टाइएको छ ।

'हामीले तलबका लागि पाँच करोड रुपैयाँ छुट्याएका छौँ,' उनले भने, 'तर तलब दिन वडा अध्यक्षहरूले कर्मचारीको हाजिरी र अन्य कागजात बुझाउनु जरुरी छ ।' उनले सबै वडा कार्यालयहरूलाई हाजिरी रजिस्टर, नियुक्ति पत्र, करार सम्झौता र भरपाई विवरण बुझाउन पत्राचार गरिएको जानकारी दिए । तर वडा अध्यक्षहरूले ती विवरण बुझाउने सट्टा उल्टै तालाबन्दी गरेर बसेकाले तलब भुक्तानीमा ढिलाइ भएको उनको भनाइ छ । जयसवालले केही वडा अध्यक्षहरूले 'अस्थायी र करार कर्मचारीको तलब मेयरले खाइदिए' भन्ने गलत प्रचारबाजी गरी जनतालाई भ्रममा पार्ने प्रयास गरेको आरोप पनि लगाए ।

उनले तालाबन्दीलाई राजनीतिक षड्यन्त्रको संज्ञा दिँदै भने, 'तालाबन्दी गरेर जनताको काम रोकिनु दुर्भाग्यपूर्ण हो । यो आन्दोलन कर्मचारीको हितका लागि होइन, केही नेताको निर्देशनमा गरिएको गतिविधि हो ।' उनले वडा अध्यक्षहरूलाई छिटोभन्दा छिटो तालाबन्दी खोल्न र कर्मचारीको अभिलेख उपलब्ध गराउन आग्रह गर्दै भने, 'वडा अध्यक्षहरूले जति छिटो कर्मचारीको विवरण पठाउँछन्, त्यति छिटो तलब भुक्तानी गर्नेछौँ । जनतालाई दुःख दिने काम नगरौँ, समस्या छलफलमै समाधान हुन्छ ।' नगरप्रमुख जयसवालका अनुसार तिहारअघि नै करार र ज्यालादारी कर्मचारीको तलब भुक्तानी गरिसक्ने योजना रहेको छ ।

यसबारे वडा न–४ का अध्यक्ष चन्दन कुमार कुस्वाहाले कसैले कसैलाई उक्साएको नभई करारका कर्मचारीहरूले लामो समयदेखि तलब नपाएको कारण वडामा ताला लगाएको बताए । 'करारमा काम गरिरहेका ६५ देखि ७० जना कर्मचारीमध्ये कसैको ३२ महिना, कसैको २४ महिना र कसैको १५ महिनासम्मको तलब बाँकी छ,' उनले भने ।

'हामीले पनि सो तलब भुक्तानी गर्न नगरप्रमुख जयसवाललाई पटक–पटक आग्रह गर्दा पनि उनले वास्ता गर्नुभएन,' वडा अध्यक्ष कुस्वाहाले दाबी गरे । उनले करारमा काम गरेका कर्मचारीहरूको विवरण, हाजिरी तथा प्रमाणित तथा सिफारिस हामी बुझाउँदै आएको बताए ।

उनका अनुसार वडामा दैनिक सेवा लिन आउने नागरिकहरू निराश भएर फर्किन बाध्य भएका छन् । 'हामीलाई पनि दिनभर सेवाग्राहीको फोन आउँछ, तर सेवा दिन सकेका छैनौँ,' उनले भने, 'ताला लगाएका कर्मचारीलाई कम्तीमा दिनको दुई घण्टा कार्यालय खोल्न आग्रह गरेका थियौँ, तर उनीहरू मान्न तयार भएनन् ।' त्यस्तै, वडा न–२ का अध्यक्ष हरिन्द्र साह कलवारले भने, 'हाम्रो वडामा करार कर्मचारीको तलब २०–२५ महिनासम्म बाँकी छ । हामीले सबै विवरण नगरपालिकामा बुझाइसकेका छौँ । कर्मचारीलाई तलब दिन ढिलाइ हुनु पालिकाको जिम्मेवारी हो, वडाको होइन ।'

उनले थपे, 'तालाबन्दी हाम्रो निर्देशनमा होइन, कर्मचारीको माग र लामो समयदेखि भुक्तानी नभएको कारण भएको हो ।'

कटहरिया नगरपालिकामा पछिल्ला वर्षहरूमा आर्थिक लेनदेन र कर्मचारी व्यवस्थापनसम्बन्धी विवाद बारम्बार सार्वजनिक हुँदै आएको छ । हालको आन्दोलनले वडा कार्यालयहरूले प्रदान गर्दै आएका प्रशासनिक सेवा पूर्ण रूपमा ठप्प भएको छ । वडा नं–३ का स्थानीय रामसुर्थ साहका अनुसार, 'जनताको काम रोकिएको छ, झगडा कर्मचारी,मेयर र वडा अध्यक्षबिचको हो, तर दुःख जनताले पाएका छन् ।' कटहरियामा शुरु भएको यो आन्दोलनले स्थानीय तहको प्रशासनिक समन्वय, पारदर्शिता र जिम्मेवारीप्रतिको चेतनामा गम्भीर प्रश्न उठाएको छ ।

# बारा र रौतहटमा बाढीपहिरोबाट किसान मारमा

**मधेशदृष्टि**
**वीरगंज ।**
असोज १७ गते राति देखि १९ गते बिहानसम्म करिब ३६ घण्टा लगातार परेको अविरल वर्षाले बारामा करिब ४ हजार हेक्टर क्षेत्रफलमा रहेका धान बालीहरू डुबानमा परेका छन् । कृषि ज्ञान केन्द्र बाराका अनुसार धान, उखु र तरकारी गरी कुल ३ हजार ८ सय ९५ हेक्टर क्षेत्रमा पानी पसेको छ । केन्द्रका प्रमुख राजनारायण साहका अनुसार जिल्लाका १६ वटै पालिकाका किसानहरू प्रभावित भएका छन् ।

अर्थ विज्ञ गणेश महराका अनुसार डुबानबाट भदैया धान १ हजार ६ सय १५ हेक्टर, अगहनी धान १ हजार ३ सय ५७ हेक्टर, उखु ४ सय ३७ हेक्टर र तरकारी ४ सय ८८ हेक्टर क्षेत्रफलमा क्षति पुगेको छ । चालु आर्थिक वर्ष २०८२–८३ मा कृषकहरूले भदैया र अगहनी गरी कुल ४६ हजार २० हेक्टर क्षेत्रफलमा खेती गरेका थिए । डुबानका कारण बाली उत्पादनमा कमी आउने आशङ्का अर्थ विज्ञ महराले व्यक्त गरे ।

यस्तै, रौतहटमा पनि असोज १७ र १८ गतेको भारी वर्षा र हावाहुरीका कारण हजारौँ हेक्टरमा लगाइएको धानबालीमा ठूलो क्षति पुगेको छ । बागमती, लालबकैया लगायत नदीमा आएको बाढीका कारण भएको डुबानबाट धानबालीमा ठूलो क्षति भएको कृषि ज्ञान केन्द्र रौतहटले जनाएको छ । धानमा बाला लाग्ने बेला समयमा भएको वर्षाका कारण धान लडेपछि किसान चिन्तामा परेका छन् । केही धानमा बाला लागेर झुलिसकेको र केहीमा भर्खर बाला लाग्ने बेला भएको भीषण वर्षाले धानबालीमा करोडौंको क्षति हुँदा किसानहरू चिन्तित भएका छन् । जिल्लाको अधिकांश भेगमा असोजसम्म धान बाली परिपक्व अवस्थामा पुगेको भएपनि यसपटक वर्षा र हावाहुरीका कारण धानबाली क्षति पुगेको वृन्दावनका किसान बैजनाथ पटेलले बताए । वर्षाले जिल्लामा सबभन्दा बढी धानबालीमा क्षति पु¥याएको छ भने त्यसपछि तरकारी, केरा, उखु र फलफूलमा समेत क्षति पुऱ्याएको छ ।

# भारतीय दूतावासद्वारा हिमालिनी सम्मानित




**मिश्री लाल मधुकर**
**जनकपुरधाम ।**
काठमाडौँस्थित भारतीय दूतावासले नेपालको लोकप्रिय हिन्दी मासिक पत्रिका हिमालिनीलाई प्रशंसापत्रले सम्मान गरेको छ । हिमालिनीका प्रबन्ध निर्देशक ई. सच्चिदानन्द मिश्रले प्रमुख अतिथि, नियोग उपक्षप्रमुख (डीसीएम) डा. राकेश पाण्डेको हातबाट प्रशंसापत्र ग्रहण गरे । भारतीय दूतावासले हिन्दी दिवस मनाउन डिसेम्बर ७ देखि १४ सम्म हिन्दी सप्ताह आयोजना गरेको थियो । कार्यक्रममा दूतावासका अधिकारी, कर्मचारी र केन्द्रीय विद्यालयका विद्यार्थीका लागि विभिन्न हिन्दी प्रतियोगिता गरिएको थियो, जसमा आधिकारिक भाषा, ज्ञान, विज्ञान, लेखन, श्रुतिलेखन, कविता पाठ, विज्ञापन लेखन, समाचार पठन, चित्रहरूमा आधारित कथा लेखन समावेश थिए । केन्द्रीय विद्यालयका विद्यार्थीले आफ्नो रचनात्मकता र प्रतिभाको मनमोहक प्रदर्शन प्रस्तुत गरे । विभिन्न कार्यक्रममध्ये कविता वाचन मुख्य आकर्षण थियो । कियाना सिंह र भव्या झाको सुव्यवस्थित प्रस्तुति, लयबद्ध ताल र मुद्राहरूले दर्शकहरूलाई मोहित पारे । उत्कृष्ट सहभागीलाई सम्मान गरिएको थियो । समापन समारोहमा नेपाल संस्कृत विश्वविद्यालय धनेश्वर नेपालका उपकुलपति, नेमदाका उपकुलपति डा. निशा शर्मालगायत विशिष्ट व्यक्तिको उपस्थिति थियो ।

# शनिबार पनि परिचय पत्रको सेवा

**मधेशदृष्टि**
**वीरगंज ।**
जिल्ला प्रशासन कार्यालय पर्साले राष्ट्रिय परिचयपत्र विवरण संकलन सेवामा सुधार गर्दै अबदेखि शनिबारको सार्वजनिक बिदामा पनि सेवा दिने निर्णय गरेको छ। अत्यधिक सेवाग्राहीको चापलाई व्यवस्थापन गर्न कार्यालयले सेवा समय विस्तार गर्दै दैनिक बिहान ७:३० बजेदेखि अपरान्ह ५ बजेसम्म सेवा दिने भएको हो । हाल कार्यालयले दैनिक ३ सय ५० देखि ४ सयसम्मको विवरण संकलन गरिरहेको छ । सेवाग्राहीको अत्यधिक भिडका कारण २०८२ कार्तिक २८ गतेसम्मका टोकनहरू पहिले नै जारी भइसकेका छन् । राष्ट्रिय परिचयपत्र नहुँदा अत्यावश्यक सेवा (राहदानी, बैंक खाता, सामाजिक सुरक्षा सुविधा आदि) पाउनबाट वञ्चित भएका नागरिकका लागि विशेष व्यवस्था गरिएको छ । उनीहरूले आवश्यक आधार र कागजातसहित निवेदन दिएमा प्राथमिकताका साथ सेवा उपलब्ध गराइने कार्यालयले स्पष्ट पारेको छ ।

# अनुदान आवेदन प्रक्रिया नरोक्न अनुरोध

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज उद्योग वाणिज्य सङ्घले गत आर्थिक वर्षको निर्यात अनुदान आवेदन प्रक्रिया रोक्ने उद्योग विभागको निर्णय फिर्ता लिन र निर्यातकर्तालाई आवेदन दिने म्याद थप गर्न नेपाल सरकारसँग आग्रह गरेको छ । सङ्घका अध्यक्ष हरिप्रसाद गौतमद्वारा शुक्रबार जारी विज्ञप्तिमा भनिएको छ, नेपाल सरकारले विगत वर्षहरूमा केही वस्तुहरूको निर्यातमा अनुदान दिने व्यवस्था गरेकोले निर्यात प्रवद्र्धनमा उल्लेखनीय सफलता हासिल भएको थियो । तर, उद्योग विभागले मिति २०८२ असोज २३ गते प्रकाशित सूचनामार्फत 'आर्थिक वर्ष २०८१–८२ मा निर्यात गरिसकेका निर्यातकर्ताहरूले बुझाउने आवेदनहरू यस वर्ष प्रक्रिया नगर्ने' भनी निर्णय गर्दा निर्यात क्षेत्रको मनोबलमा नकारात्मक असर पर्ने बताइएको छ ।

# लालपर्सामा ल्याब सेवा शुरु

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका–३० स्थित लालपर्सा स्वास्थ्य चौकीमा शुक्रबारदेखि प्रयोगशाला (ल्याब) सेवा औपचारिक रूपमा शुरु गरिएको छ । वडाध्यक्ष मनोजकुमार यादवले उद्घाटन गर्दै स्थानीय तहमा स्वास्थ्य पहुँच विस्तारमा यो महत्वपूर्ण उपलब्धि भएको बताए । ल्याब सञ्चालनमा आएपछि अब वडा नम्बर ३० का बासिन्दालाई सामान्य रगत, पिसाब र दिशाको परीक्षणका लागि वीरगंज शहर धाउनुपर्ने आवश्यकता रहने छैन । वडाध्यक्ष यादवका अनुसार गाउँमै सस्तो शुल्कमा परीक्षण सेवा उपलब्ध गराउने उद्देश्यले ल्याब स्थापना गरिएको हो ।

ल्याब इन्चार्ज आदित्य चौरसियाका अनुसार, ल्याबमार्फत ३७ प्रकारका परीक्षण सुविधा उपलब्ध हुनेछन् । तीमध्ये मलेरिया, डेंगु र एचआइभी परीक्षण निःशुल्क गरिनेछ भने एकल महिलाका लागि सबै प्रकारका परीक्षण निःशुल्क रहनेछ ।

सम्पादकीय

# मिथिलाञ्चलमा करवाचौथ पर्व

*मधेश प्रदेशका धनुषा, महोत्तरीसहित सम्पूर्ण मिथिलाञ्चलमा करवाचौथ पर्व मनाइएको छ । मिथिलाञ्चलमा बसोबास गर्ने विवाहित नारी अर्थात् मिथिलानीले पतिको दीर्घायुको कामना गर्दै करवाचौथ पर्व मनाएका हुन् । महोत्तरी सदरमुकाम जलेश्वर नपा–१ मा अवस्थित बाबा जलेश्वरनाथ महादेवका पुजारी पण्डित उपेन्द्र पाठकका अनुसार यो यो एउटा संस्कार हो जुन मिथिला सभ्यता पनि हो । मिथिलानीहरु दिनभर निराहार उपबास बसेर राति चन्द्रमा उदाएपछि चन्द्रमाको पूजा अर्चना र दर्शनपछि पतिको पूजा अर्चना तथा दर्शन गरेर पतिकै हातबाट जल ग्रहण गर्दै यस पर्वलाई समापन गर्छन् ।*

*बिहानैदेखि निराहार, निर्जल व्रत बसेर राति चन्द्रमा उदाएपछि पहिले चन्द्रमा दर्शन र पूजा गरेर पछि पुनःपतिको पूजा गर्दै व्रतालु महिला पूजापश्चात् पतिको हातबाट सबैभन्दा पहिले पानी (जल) ग्रहण गर्दछ भने त्यसपछि पतिलाई प्रसाद र पकवान खुवाउँदै आफू पनि प्रसाद खाएर व्रत समापन गर्ने चलन छ । यसपर्वमा चन्द्रमा पूजा गरिने तथा चन्द्रमाकै रुपमा आआफ्ना पतिलाई पनि पूजा गर्ने र चन्द्रमासँग आफ्ना पतिको चन्द्रमा जस्तै दीर्घायुको कामना गर्ने गरिन्छ ।*

*यस पर्वमा मिथिलानी राति रङ्गीचङ्गी नयाँनयाँ वस्त्र, चुरा, पोते, विभिन्न गर गहना, सिउँदोमा सिन्दुरसहित विभिन्न श्रृङ्गार गरेर चन्द्रमा उदाएपछि घरमा भएका चाल्ना (जालीसहितको आँटा छान्ने वस्तु) मा दीप जलाएर दीपको उज्यालोसँगै चाल्नाको जालीबाट चन्द्रमा दर्शन गर्दछन् भने चन्द्रमाको दर्शन गरेपछि पुनःसोही चाल्नामा चन्द्रमाको ठाउँमा आ–आफ्ना पतिलाई उभ्याएर पतिको दर्शन गर्दछन् ।*

*चाल्नाबाट चन्द्रमालाई हेर्नु र पुनःत्यही चाल्नाबाट पतिलाई हेरेर व्रत सम्पन्न गर्नु यसपर्वको प्रमुख प्रक्रिया हो । त्यसपछि चन्द्रमा र पति दुवैको विशेष पूजाअर्चन गर्दै मिथिलानीहरु यसपर्वलाई समापन गर्दछन् । करवाचौथ पर्व तराई–मधेसको महोत्तरी, धनुषा, सर्लाही, सिरहा, रौतहट, बारा, पर्सा, सप्तरी, मोरङ र भारतको विहार राज्यको मधुवनी, सीतामढी, मुजफ्फरपुर, पटना, दरभङ्गालगायत मिथिला क्षेत्रमा धुमधामका साथ मनाइन्छ ।*

# पूर्व शिक्षामन्त्रीको वर्तमान शिक्षामन्त्रीलाई ३० सुझाव



विद्या भट्टराई
पूर्व शिक्षामन्त्री

शिक्षा विज्ञान तथा प्रविधि मन्त्री महावीर पुनले फोनमार्फत तपाईंले शुरु गरेका योजना, काम र निर्देशन के के थिए सुझावसहित पठाउनु होला भन्नुभयो । उहाँप्रति आभार र कृतज्ञता व्यक्त गर्दै मैले आफ्नो कार्यकालमा गरेका अध्ययन, सुझाव र आधार तयार भएका केही कार्ययोजना जसलाई तुरुन्त उहाँले लागु गर्न र अद्यावधिक गर्न सक्नु हुनेछ भन्ने विश्वासको आधारमा उहाँलाई पठाएको व्यहोरा अवगत गराउछु ।

शिक्षा मन्त्रालयभित्र शुरु गरेका कामहरुको अद्यावधिक विवरण :

१. अन्तर्राष्ट्रिय सम्बन्धन प्राप्त विश्वविद्यालयबाट सञ्चालित कलेजहरुलाई व्यवस्थित गर्नको लागि अध्ययन समिति निर्माण गरी समितिको सुझावअनुसार नियमावली तयार भइ अनुगमनका लागि कार्यतालिका समेत बनाइएको थियो । अदालतमा मुद्दा परेको कारण पूर्णता दिन नसकेको । ५९ वटा कलेजहरुमध्ये जम्मा १३ वटा कलेजले मात्र मापदण्ड पालना गरेको देखिएको हुनाले मापदण्ड पालनाका लागि तुरुन्त निर्देशन दिन आवश्यक छ ।

२. शैक्षिक परामर्श दातृ संघ संस्थाको अनिवार्य नवीकरण गरी रेकर्ड अद्यावधिक गरिएको यो कार्य पूर्व शिक्षा,विज्ञान तथा प्रविधि मन्त्री सुमना श्रेष्ठको कार्यकालमा शुरु भएको थियो र मेरो कार्यकालमा निरन्तरताका साथ सम्पन्न भएको थियो । नवीकरणको अवधि एकपटक थप गरी पुनः सूचना गरिएको र अवधि सकिएपछि मन्त्रालयको वेबसाइटमार्फत नवीकरण भएका संस्थाहरुको नाम प्रकाशित गरी सार्वजनिक गरिएको । मन्त्रालयमा डेस्क निर्माण गरी यी संस्थाहरुले कुनै गलत कार्य गरेमा जानकारी लिनेसमेत व्यवस्था गरिएको थियो । यी संस्थाहरु सञ्चालनको लागि नियमावली तयार गरिएको थियो । यसको प्रभावकारी कार्यान्वयन गर्न र प्रदेश सरकारबाट सञ्चालित संस्थाहरुलाई समेत एकीकृत प्रणालीमा समावेश गर्नका लागि प्रक्रिया अघि बढाइएको थियो ।

३.किताब नीतिको मस्यौदा अन्तिम अवस्थामा पुगेको थियो तर अदालतमा मुद्दा परेकोले पूर्णता दिन सकिएन ।

४. प्राविधिक तथा व्यवसायिक तालिम परिषद (सिटिइभिटी) को गुणस्तर प्रत्यायन नियमावली तयार भएको र यसको कार्यान्वयन गर्न सक्दा शिक्षालयहरुको गुणस्तर वृद्धि गर्न सहज हुन्छ । पाठ्यक्रम सुधार र सिटिइभिटिको पुर्नसंरचनाको अध्ययन समिति बनाएर प्रतिवेदन तयार भएको छ र पाठ्यक्रम सुधारको खाकासमेत तयार गरेको थियो । सिटिइभिटीभित्र सुशासनको विषय अत्यन्त जटिल छ मन्त्रालयबाट निरन्तर अनुगमन आवश्यक छ । सम्बन्धन अर्को पेचिलो विषय हो । अनुगमन प्रतिवेदन पटकपटक तयार भएको छ र आजको आवश्यकताअनुसारका विषयहरुका वारेमा सुझावहरु प्रशस्त आएका छन् । यी सबै प्रतिवेदनहरुको गहिरो अध्ययन र विश्लेषणपछि मात्र सम्बन्धनको निर्णय परिषद्ले लिन सके उचित हुन्छ । सूची तयार गरेपछि सामाजिक अडिट गराउन पर्दछ अनि मात्र कानूनअनुसार निर्णयमा पुग्नु पर्दछ भन्ने सुझाव दिन चाहन्छु । शिक्षालयका प्रमुख र प्रशिक्षकहरुको तालिम र वृत्ति विकासको पक्ष कमजोर छ यसका लागि केही कार्यक्रमहरु बनाउन अत्यन्त आवश्यक छ । सरुवा र बढुवालाईन्यायोचित र पारदर्शि बनाउन जरुरी छ । अध्ययनरत विद्यार्थीहरुको सर्वेक्षण गर्न अत्यन्त आवश्यक छ । परीक्षा, नतिजा, शैक्षिक क्यालेण्डर र शुल्क सार्वजनिक गर्न लगाइ सोअनुसार काम नगर्ने निजी शिक्षालय खारेज गर्ने र आंगिक शिक्षालयहरुको हकमा सो मापदण्ड पालना नगरेमा अनुदान कटौती गरी बन्द गर्नसक्ने व्यहोरा सहित निर्देशन दिन आवश्यक छ । चिकित्सा शिक्षा संग सम्बन्धित विषयको निर्णय गर्दा चिकित्सा शिक्षा आयोग र सिटिइभिटीको बीचमा समन्वय गर्न अनिवार्य छ । ऐनमा व्यवस्था भएअनुरुप सिटिइभिटिको उपाध्यक्ष नियुक्ति गर्न उचित हुन्छ । नियुक्ति प्रक्रिया अगाडी बढाउनु भन्दा अघि नियमावली संशोधन ऐन अनुसार गर्नुृ पर्दछ । प्राविधिक तथा व्यवसायीक शिक्षा सम्बन्धि एकिकृत ऐनको मस्यौदाको खाका अन्तिम अवस्थामा रहेको थियो ।

५. विद्यालयमा दरबन्दी मिलानको लागि पूर्व शिक्षा सचिवको संयोजकत्वमा कार्यदल बनाइ प्रतिवेदनसमेत मन्त्रालयमा प्राप्त भएको थियो । प्रतिवेदनले दरबन्दी पुनरावलोकन गर्नका लागि निर्देशित गरेको छ । अहिलेको दरबन्दीमा रहेको असमान वितरणलाईं सन्तुलित वितरण गर्ने सुझाव पेश गरेको छ । यो कार्यलाईं तुरुन्त अगाडी बढाउन सकियो भने कतिपय सामुदायीक विद्यालयहरुमा रहेको शून्य दरबन्दीको अवस्थालाईं अन्त्य गर्न सहज हुन्छ ।

६. त्रिभुवन विश्वविद्यालयको जग्गा छानबिन समितिको प्रतिवेदन २०८१ पुस २३ गते प्रधानमन्त्रीलाई छानबिन समितिको टोलीसहित प्रतिवेदन बुझाइएको थियो । नेपाल संस्कृत विश्वविद्यालयको जग्गा छानबिन समितिको प्रतिवेदन सार्वजनिक गर्न प्रधानमन्त्री कार्यालयबाट निर्देशन आएपछि वेबसाइटमार्फत सार्वजनिक गरियो । त्रिविविको भने सार्वजनिक गर्ने सवालमा प्रधानमन्त्री कार्यालयबाट कुनै निर्देशन नआएका कारण मन्त्रालय सार्वजनिक गर्न असमर्थ भयो । यी दुवै समितिहरु पूर्व शिक्षा,विज्ञान तथा प्रविधि मन्त्री सुमना श्रेष्ठको कार्यकालमा बनेका थिए र मैले अवधि थप गरी समितिको कार्यलाई निरन्तरता दिएर प्रतिवेदन तयार गरिएको थियो ।

७. परीक्षा सुधार र निरन्तर सिकाइलाई व्यवस्थित गर्न राष्ट्रिय परीक्षा बोर्डको अध्यक्षको संयोजकत्वमा पाठ्यक्रम विकास केन्द्रका महानिर्देशक, शिक्षा, तथा मानव स्रोत विकास केन्द्रका महानिर्देशक, शैक्षिक गुणस्तर परिक्षण केन्द्रका प्रमुख र विद्यालय शिक्षा महाशाखा प्रमुख रहनु भएको एक समिति निर्माण गरिएको थियो । यसले परीक्षा सुधारमा केन्द्रित भएर कार्ययोजना समेत तयार गरेको थियो । राष्ट्रिय परीक्षा बोर्डको पुर्नसंरचनाको लागि पूर्व सचिवको अध्यक्षतामा गठित कार्यदलको सुझाव अनुसार काम शुरु गरिएको थियो ।

८. एनओसी, शिक्षा मन्त्रालय, परराष्ट्र मन्त्रालय, कुटनितिक नियोग र विदेशि विश्वविद्यालयबीच समन्वय र सम्पर्क स्थापित गरी डाटाबेस तयार गर्ने उद्धेश्यले डिजिटल संयन्त्र तयार गर्न कार्य प्रारम्भ गरेपनि पूर्णता दिन सकिएन ।

९. विद्यालय, त्रिभुवन विश्वविद्यालय र अन्य विश्वविद्यालयहरुको समेत पाठ्यक्रम पुनरावलोकनका लागि विस्तृत कार्ययोजना बनाइएको थियो । विद्यालयका पाठ्यपुस्तकहरुमा विषयबस्तुमा देखिएको अस्पस्टता र भाषागत त्रुटि सच्याउनका लागि पाठ्यक्रम विकास केन्द्रलाईं बैठकमार्फत निर्देशन गरिएको र कार्ययोजना समेत तयार गरिएको ।

१०. १४ वटै विश्वविद्यालयको संयुक्त बैठक राखे पटकपटक शैक्षिक क्यालेण्डरको पालना गर्नका लागि निर्देशन दिएको र क्यालेण्डर पालना नगरेमा अनुदान रोक्का गर्ने गरी निर्देशन गरिएको । यसले त्रिविविको वार्षिक परीक्षाको नतिजामा देखिएको ढिलासुस्तिमा केही सुधार देखिएको थियो । उच्च शिक्षा मापदण्ड ऐनको मस्यौदा तयार गरिएको ।

११. संविधानको धारा ३१ को कार्यान्वयनका लागि बनेको ऐन अनिवार्य तथा निशुल्क शिक्षा ऐन हो । यसको प्रभावकारी कार्यान्वयनका लागि सरकारको ३ तहको लागत साझेदारी आवश्यक छ । सामुदायीक विद्यालयहरुमा लगानी गर्न पालिकामा एक कोष आवश्यक छ भन्ने सवालमा यस ऐनमा स्पस्टरुपमा लेखिएको छ । ३ तहबाट निश्चित प्रतिशत विद्यालय शिक्षामा लगानी गर्ने सुनिश्चितता गरी कोषको परिचालन गर्न सकियो भने निशुल्क शिक्षा अहिले पनि सम्भव छ भन्ने विषयमा मैले ५ अर्बको संघीय सरकारको कोष बनाउने प्रस्ताव नीति कार्यक्रम र बजेटमा गरेको थिए तर मेरो राजीनामापछि यो हटाइयो । राष्ट्रिय परीक्षा बोर्डले ९ कक्षा र ११ कक्षामा २ पटक रजिष्ट्रेशन भर्न लगाउने र दुवैपटक विद्यार्थीसँग शुल्क लिने गरेको थियो । रजिष्ट्रेशन फर्म ९ कक्षामा मात्र भरे पुग्ने र शुल्क लिन नपाइने व्यवस्था गरिएकोमा मेरो राजीनामापछि लिने व्यवस्था पुनः कायम भयो । कम्तीमा पनि यो शुल्क मात्र लिन नपाउने भन्ने व्यवस्था कार्यान्वयन गर्न सक्ने हो भने निशुल्क शिक्षामा संघ सरकारको महत्वपूर्ण योगदान रहेको ठहर हुन्छ किनकी अनिवार्य तथा निशुल्क शिक्षा ऐनले विद्यार्थीबाट कुनै पनि नाममा शुल्क लिनु कानूनविपरित हो भन्ने व्यवस्था गरेको छ । अनिवार्य तथा निःशुल्क शिक्षाका बारेमा शिक्षा मन्त्रालयले २०८३ सम्मको लागि बनाएको कार्ययोजना र सो कार्ययोजनामाथि राष्ट्रिय नीति तथा अनुसन्धान प्रतिष्ठानमा समेत छलफल गरी तयार गरिएको प्रतिवेदन र समग्र विद्यालय सुधारका लागि बृहत कार्ययोजनासमेत तयार गरिएको थियो ।

१२. सामुदायिक क्याम्पसमा अध्यापनरत शिक्षकहरुको स्तर निर्धारण गर्न नसकेका कारण सामुदायिक क्याम्पसमा अध्ययनरत सबै शिक्षकहरुको मागअनुरुप विश्वविद्यालय अनुदान आयोग मार्फत प्रक्रिया अगाडि बढाउन निर्देशन गरिएको थियो ।

१३. विद्यार्थीहरु किरिया बसेको अवस्थामा नै परीक्षा दिन जानुपर्ने असंवेदनशील अवस्थालाई मध्यनजर गरी विशेष परीक्षा प्रणालीको व्यवस्था माध्यमिक तहको परीक्षा र उच्च शिक्षामा गर्ने व्यवस्था सम्बन्धमा राष्ट्रिय परीक्षा बोर्डको अध्यक्ष र त्रिभुवन विश्वविद्यालयको रजिष्ट्रार रहनु भएको एक प्रस्ताव समिति निर्माण गरिएको थियो । उच्च शिक्षाको हकमा महिला विद्यार्थीहरु सुत्केरी र गर्भा–अवस्थामा आउने जटिलताका कारण परीक्षामा सहभागि हुन नसक्दा पढाइ नै छोड्नु पर्ने समस्यालाई समेत सम्बोधन गर्ने गरी विशेष परीक्षा प्रणालीको बारेमा उहाँहरुलाई ३ महिना भित्रमा मन्त्रालयमा राय प्रस्तुत गर्न निर्देशन सहित जिम्मेवारी दिइएको थियो ।

१४. शिक्षकहरुको ड्यास बोर्ड निर्माण गर्न शिक्षा तथा मानव स्रोत विकास केन्द्रलाई निर्देशन दिएको थियो । शिक्षकहरुको स्वमूल्यांकन विधिको अवलम्बन गरी सरुवा र बढुवालाई पारदर्शी बनाउनसमेत केन्द्रले काम गर्ने गरी योजना बनाइएको थियो । शिक्षक सरुवा निर्देशिका अदालतमा विचाराधीन रहेकाले महिला शिक्षक, अपांगता भएका शिक्षक र विषयगत शिक्षकहरुलाई केही अफ्ट्यारो परेको गुनासो आइरहेको र यसलाई सम्बोधन गर्ने गरी विशेष निर्देशिकामा केही संशोधन गर्न विद्यालय शिक्षा महाशाखा र कानून शाखालाई निर्देशन दिइ जिम्मेवारी दिएको थियो ।

१५. शिक्षकहरुको तालिमलाई गुणस्तरीय र प्रभावकारी बनाउन शिक्षक नीति संवाद पहिला राष्ट्रियरुपमा गर्ने र प्रदेशस्तरीय ७ वटै प्रदेशमा आयोजना गर्ने र बृहतरुपमा सुझाव लिएर शिक्षकहरुको तालिम र सिकाइ विधिमा रुपान्तरण गर्ने गरी योजना बनाइएको थियो ।

१६. भर्चुअल कक्षालाईं व्यवस्थित गर्नका लागि कार्ययोजना तयार गरिएको थियो । अहिले पनि सामुदायिक विद्यालयहरुमा अतिरिक्त कक्षाहरु सञ्चालन गर्ने र विद्यार्थीहरुसँग अतिरिक्त शुल्क लिने अभ्यास रहेकोले यसलाई विस्थापित गर्नका लागि भर्चुअल कक्षाले सहजीकरण गर्न सक्छ भन्ने बोध गरी यसको गुणस्तर विकासका लागि काम शुरु गरिएको थियो । विद्यालयको पहुँचबाट बाहिर रहेका विद्यार्थीहरुलाई समेत समेट्नका लागि यो विधि प्रभावकारी हुन्छ । विद्यालय शिक्षा सुधार र अनिवार्य तथा निःशुल्क शिक्षाको कार्यान्वयनका लागि २०८२ वैशाख ५ गते शिक्षा मन्त्रालयमार्फत तयार गरिएको परिपत्र सम्पूर्ण स्थानीय तहहरुमा संघीय मामिला मन्त्रालयमार्फत पठाइएको थियो ।

१७. बिएस्सी सिएसआइटीमा स्नातक गरेका विद्यार्थीहरुलाई प्राविधिक शिक्षकको रुपमा शिक्षक सेवा आयोगले समावेश नगरेको भन्ने गुनासो मन्त्रालयमा आएपछि थप अध्ययन गरी अध्ययन प्रतिवेदनको सुझावका आधारमा स्नातक गरेका विद्यार्थीहरुलाई शिक्षकको प्रतिष्पर्धामा सहभागी हुन पाउने व्यवस्था गरिएको थियो । अहिले कार्यान्वयन भएको छ कि छैन ? जानकारी लिनुभए आभारी हुनेछु ।

१८. पाठ्यक्रम विकास केन्द्रमा रहेको समकक्षता लिनका लागि १५ दिन भन्दा बढी लाग्ने गरेको, भनसुन र घुस लेनदेनपछि छिटो काम हुने भन्ने विषयमा संसदमा नै विषय बनेको थियो । त्यहाँको अवस्थाबारेमा विस्तृत अध्ययन गरी सुझावका आधारमा सेवा प्रवाहको अवधि कम्तीमा ५ दिन भन्दा ढिलो गर्न नपाइने गरी प्रबन्ध गरियो । अहिले के छ भन्नेबारेमा जानकारी लिनु भएमा संस्थागत विकासमा थप सहयोग हुन्छ ।

१९. विदेशी विद्यार्थी, प्राध्यापक, अनुसन्धानकर्ता र वैज्ञानिकहरु अध्ययन, अध्यापन र कामको शिलशिलामा नेपालमा रहन यस अनुसारको भिसाको व्यवस्था नभएका कारण जटिलता उत्पन्न हुने हुँदा यसलाई समाधान गर्न उल्लेखित शीर्षकमा भिसाको प्रावधानसहितको अध्यागमन ऐनको लागि शिक्षा मन्त्रालयले गृह मन्त्रालयमा पत्राचार गरेको थियो ।

२०. बाल विकासमा कार्यरत सहयोगी कार्यकर्ता, विद्यालय कर्मचारी (लेखापाल र कार्यालय सहयोगी) को अहिलेसम्म पनि मासिक तलब निर्धारण गरिएको छैन । ६० वर्ष उमेर पुगिसकेका बाल विकास सहयोगी र कर्मचारी अहिले पनि कार्यरत रहेको अवस्था छ । मैले तयार गरेको ७ बुँदामा यो विषय समाधानका लागि समावेश गरेको थिएँ । कम्तीमा न्युनतम तलब र सामाजिक सुरक्षा कोषमा उहाँहरुलाई सरकारले समेट्न सकेमा केही न्याय हुन्थ्यो कि भन्ने लागेर सो बुँदा समावेश गरेको हो । यसको बारेमा विद्यालय शिक्षा विधेयकले प्रारम्भिक बाल विकासलाईं विद्यालय संरचनामा ल्याउनुका साथै कार्यरत कार्यकर्ता र कर्मचारीको वृत्ति विकासको समेत व्यवस्था गर्ने गरी निर्णय गरेको थियो तर संसदले पास गर्नु अगावै संसद विघटन भएका कारण यो विषय फेरि पनि रोकियो ।

२१. प्रारम्भिक बाल विकास कक्षा सामुदायिक विद्यालयमा एक वर्ष र संस्थागत–निजी विद्यालयमा ३–४ वर्ष पढाउने असमान अभ्यासलाई अन्त्य गर्न संस्थागत विद्यालयको समेत प्रतिनिधित्व रहेको अध्ययन समिति गठन गरिएको थियो । सो समितिले ६ महिना अध्ययन र विमर्श गरी सुझावसहित प्रतिवेदन मन्त्रालयमा प्रस्तुत गरेको थियो । समितिले सबै विद्यालयहरुमा एकरुपता कायम हुने गरी २ वर्ष प्रारम्भिक बाल विकास सञ्चालन गर्न सुझाव दिएको छ । अनिवार्य तथा निःशुल्क शिक्षा ऐनमा सबै विद्यालयहरुमा एक वर्ष मात्र बाल विकास कक्षा सञ्चालन गर्न पाउने भन्ने प्रावधान रहेको तर अध्ययनले एक वर्ष मात्र बाल विकास कक्षा सञ्चालन हुँदा बालबालिकाको मनोवैज्ञानिक विकास नहुने अन्तर्राष्ट्रिय अनुभवसहित मन्त्रालयलाई २ वर्ष बाल विकास कक्षाका लागि सुझाव प्रस्तुत गरेको थियो ।

२२. नेपाल शिक्षक महासंघसँग गरेको पछिल्लो सम्झौता कार्यान्वयन गर्न अनिवार्य छ । यी विषयहरु विधेयकसँग भन्दा पनि मन्त्रालयले पटकपटक सम्झौता गरेको तर कार्यान्वयन नगरेका सवालहरु मात्र समावेश गरेर तयार गरिएको थियो । यसमा शिक्षकको मर्यादाक्रम, निजामतीसरह शिक्षकको ग्रेड मिलान र रकम कायम गर्ने, राहत अस्थायी शिक्षकको बिरामी बिदा सञ्चित हुने र सेवाबाट अवकाश हुँदा एकमुष्ठ रुपमा दिने व्यवस्था गर्ने, दुर्गम भत्ताको व्यवस्था, बाल विकासमा कार्यरत कार्यकर्ता र विद्यालय कर्मचारीको न्यूनतम तलब निर्धारण र सामाजिक सुरक्षा कोषमा समावेश गर्ने, सम्पूर्ण शिक्षक र विद्यालय कर्मचारीलाई निजामति सरह स्वास्थ्य उपचारमा छुट दिने र अस्थायी प्रकृतिका सबै शिक्षकहरुलाईं सामाजिक सुरक्षा कोषमा समावेश गर्ने रहेका छन् ।

२३. शिक्षा विकास तथा समन्वय इकाइ संघ सरकारको जिल्लामा कार्यरत संरचना हो । संघीयताको कार्यान्वयनमा यसको क्रियाशीलताले स्थानीय तहमा जटिलता पैदा गरेको छ । यसलाईं कायम राख्ने हो भने यसको कार्य सम्पादन लाई संघीयताको मर्मअनुरुप सञ्चालन गर्न आवश्यक छ । आजको सान्दर्भिकता अनुसार यस्को टिओआरसमेत तयार गरिएको थियो ।

२४. शिक्षक किताबखानाको सेवा सात प्रदेशमा विस्तार गर्ने र अवकाश प्राप्त सबै शिक्षकहरुको डिजिटल तथ्यांक प्रणालीको निर्माण गर्ने गरी काम गर्न शिक्षक किताबखानालाई पत्राचार गरिएको । अवकाशको समयमा शिक्षकहरुले धेरै दुःख पाउने कारण विवरण अद्यावधिक गरी अनलाइन प्रणालीमार्फत सेवा प्रवाह गर्न सकेमा शिक्षकहरुलाई न्याय मिल्नेछ ।

२५. अनिवार्य तथा निःशुल्क शिक्षा ऐनमा निजी विद्यालयलाईं सेवामूलक हुनुपर्ने भनिएको छ साथै ५०० सम्म विद्यार्थी भर्ना भएमा १० प्रतिशत विद्यार्थीलाई छात्रवृत्ति दिनुपर्ने, ८०० सम्म विद्यार्थी भएमा १२ प्रतिशत विद्यार्थीलाई छात्रवृत्ति दिनुपर्ने र १,००० भन्दा माथि विद्यार्थी भर्ना भएमा १५ प्रतिशत विद्यार्थीलाई छात्रवृत्ति दिनुपर्ने प्रावधान रहेको हुँदा यसको प्रभावकारी कार्यान्वयनका लागि सबै स्थानीय तहमा २०८२ वैशाख ५ गते संघीय मामिला मन्त्रालयमार्फत परिपत्र पठाइएको थियो । प्याब्सन, एनप्याब्सन र हिसानलाईं निजी विद्यालयमा कार्यरत शिक्षक र कर्मचारीलाईं सामाजिक सुरक्षा कोषमा समावेश गर्न निर्देशन दिइएको थियो ।

२६. त्रिविविमार्फत दिँदै आएको समकक्षता आगामी एक वर्ष भित्रमा विश्वविद्यालय अनुदान आयोगमार्फत गर्ने गरी कानून निर्माण भइसकेको छ । अनुदान आयोगको संरचना सुधार गरी अनुगमनलाई समेत प्रभावकारी बनाउने गरी कानूनी प्रबन्ध गरिएको हुनाले यसको कार्यान्वयन मन्त्रालयमार्फत गर्न सकिनेछ ।

२७. इन्टर्नसीप प्रणालीलाईं विश्वविद्यालयहरुको पाठ्यक्रममा समावेश गर्ने गरी कार्यविधि बनाउने कार्य शुरु भएको तर पूरा गर्न सकिएको थिएन । क्रेडिट ट्रान्सफर प्रणालीलाई कानूनी मान्यता दिएकोले अब विश्वविद्यालयहरुमा यसलाई लागू गर्न समस्या हुँदैन ।

२८. शिक्षक, प्राध्यापक, कर्मचारी र वैज्ञानिकहरुको दलीय आवद्धता रहन नपाउने र दलीय आधारमा संगठित हुन नपाउने सबालमा राज्यमा विद्यमान रहेका ऐनका प्रावधानहरुलाई कार्यान्वयन गर्न सकेमा विद्यालय र विश्वविद्यालयहरुको शैक्षिक गुणस्तर वृद्धि गर्न सकिन्छ यसका लागि मन्त्रालय निर्मम ढंगले कार्यान्वयन गर्न तयार हुनु पर्दछ । सरकारलाई खबरदारी गर्न र साझा मुद्दा उठान गर्न पेशागत साझा संस्थाहरुको औचित्य भने अझै आवश्यक छ ।

२९. विशेष (अपांगता) शिक्षामा कार्यरत शिक्षकहरुको स्थायित्वका लागि प्रक्रिया शुरु गर्न शिक्षा तथा मानवस्रोत विकास केन्द्रलाईं निर्देशन दिएको र कार्यान्वयनको लागि तयारी शुरु भएको थियो । विशेष शिक्षा अध्यापन गराउने विद्यालयहरुको अनुगमन गरी सुझावहरु संकलन गरिएको थियो र सो सुझावहरुको कार्यान्वयनको लागि केन्द्रलाई निर्देशन दिइएको थियो ।

३०. सामुदायिक विद्यालयहरुले विद्युत्, पानी र इन्टरनेटबापतको रकम निःशुल्क गर्नका लागि खानेपानी, ऊर्जा र सञ्चार मन्त्रालयसँग पत्राचार भएको साथै खानेपानी सुविधा सबै विद्यालयमा निःशुल्क रुपमा प्रदान गर्न दुवै मन्त्रालयको बीचमा संयुक्त संयन्त्र निर्माण गरी २०८२ वैशाखबाट कार्यान्वयन गर्ने गरी योजना बनाइएको थियो ।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउनु सक्नुहुनेछ । मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो । बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ ।

# बिपी राजमार्ग शनिबार बिहानदेखि सबारी खुलाइने



**काभ्रेपलाञ्चोक ।**
गत साताको बाढीले क्षतिग्रस्त बिपी राजमार्गको विभिन्न खण्डमा अस्थायी सडक बनाइ शनिबार बिहानदेखि सबारी सञ्चालनको तयारी गरिएको छ ।
हाल राजमार्गको काभ्रेपलाञ्चोकको सडकखण्डमा खोला फर्काएर 'डाइभर्सन' निर्माण भइरहेको छ ।
शुक्रबार बिहानसम्मा राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकको नमोबुद्ध नगरपालिका–६ स्थित चौकीडाँडादेखि रोशी गाउँपालिकाको चिउरीबाससम्म 'ट्र्याक' खोली सकिएको डिभिजन सडक कार्यालय भक्तपुरका प्रमुख सिनियर डिभिजनल इन्जिनियर सुमान योगेशले बताए । उनका अनुसार शुक्रबार दिउँसोसम्म क्षतिग्रस्त राजमार्गको सम्पूर्ण खण्डमा ट्र्याक खोल्ने योजना छ ।
'ट्र्याक खोलिसकेपछि पुनः एकपटक सडकको अवस्था हेरेर केही गाडीद्वारा परीक्षण गर्नेछौँ, शनिबार बिहानदेखि पूर्णरुपमा राजमार्ग सञ्चालनमा ल्याइनेछ', उनले भने ।
रोशी खोलाको बाढीले रोशी क्षेत्रमा करिब चार किलोमिटर सडक कटान गरेको थियो । मङ्गलबारदेखि औपचारिक रुपमा डाइभर्सन निर्माण थालिएको हो । योगेशले बिहीबार दिउँसोदेखि रातको समयमा करिब दुई दर्जन मेसिनद्वारा अस्थायी सडक निर्माण गरिरहेको बताए ।
उनले भने, 'सबै ट्र्याक खोलिसकेपछि बनेको सडकका घुम्ती र साँघुरा स्थानमा थप मर्मत गर्नुपर्ने देखिन्छ, आज साँझसम्ममा सडक खोल्ने काम पूरा भइसक्छ ।' उनका अनुसार अहिले रोशी गाउँपालिकाको माम्ती क्षेत्रमा डाइभर्सन निर्माण भइरहेको छ ।
बाढीपहिरोले राजमार्गको १७ स्थानमा क्षति पु¥याएको थियो । सोही क्षेत्रमा गत वर्षको बाढीपहिरोले सडक क्षतिग्रस्त बनाएपछि डाइभर्सन बनाएर अस्थायी रुपमा सडक सञ्चालन हुँदै आएको थियो ।
बिहीबार भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङले क्षतिग्रस्त उक्त राजमार्गको विभिन्न खण्डको अवलोकन गरी छिटोभन्दा छिटो राजमार्ग सञ्चालन गर्नेगरी बनाइरहेको 'डाइभर्सन' निर्माण कार्यलाई तीव्र बनाउन सडक विभागका अधिकारीलाई निर्देशन दिनुभएको थियो । घिसिङले रातको समयमा काम गरेर भए पनि आज बेलुकासम्ममा यातायात सञ्चालन हुनेगरी कामलाई तीव्रता दिन भन्नुभएको थियो ।
कार्यालयले क्षतिग्रस्त राजमार्ग स्थायी निर्माणका लागि चार खण्डमा ठेक्काको प्रक्रियामा अघि बढाइरहेको थियो । पूर्वी नेपाल जोड्ने छोटो दूरीका रुपमा रहेको उक्त राजमार्गबाट दैनिक हजारौँ यातायातका साधन आवतजावत हुने गर्छन् ।रासस

# 'वास' क्षेत्रको दिगो सुधार र समावेशी विकासका लागि समझदारी




**काठमाडौँ ।**
खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) क्षेत्रको दिगो सुधार र समावेशी विकासका लागि दुई प्रमुख संस्थाबीच आपसी सहकार्यको औपचारिक थालनी सुरु भएको छ ।
राष्ट्रिय खानेपानी तथा सरसफाइ अनुसन्धान, नवप्रवर्तन तथा क्षमता विकास केन्द्र तथा वातावरण र जनस्वास्थ्य संस्थाबीच द्विपक्षीय समझदारीपत्रमा हस्ताक्षर भएको हो । सम्झौतामा केन्द्रका प्रमुख एवं इञ्जिनियर रामकुमार श्रेष्ठ र एन्फोका कार्यकारी निर्देशक भावना शर्माले हस्ताक्षर गरेका छन ।
सम्झौताअनुसार दुवै संस्था खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा सुरक्षित रूपमा व्यवस्थापित सेवा प्रणालीको प्रवद्र्धन गर्न संयुक्त रुपमा काम गर्ने र यसअन्तर्गत मानव मलमूत्र व्यवस्थापन, फोहर पानी व्यवस्थापन, ठोस फोहर व्यवस्थापन र नगरव्यापी समावेशी सरसफाइसम्बन्धी कार्यक्रममा साझा पहल गरिने उल्लेख गरिएको केन्द्रका प्रमुख एवं इञ्जिनियर श्रेष्ठले बताए ।
उनले भने 'यो समझदारीले दुवै पक्षबीचको सहकार्यलाई औपचारिकता दिनेमात्र होइन, नेपालमा सुरक्षित रूपमा व्यवस्थापित खानेपानी तथा सरसफाइ प्रणाली सुदृढ गर्न ज्ञान व्यवस्थापन, क्षमता विकास र प्राविधिक सहकार्यको दिगो ढाँचा निर्माण गर्न टेवा पु¥याउनेछ ।' केन्द्रले वास क्षेत्रमा संलग्न सरोकारवालाको सीप तथा दक्षता अभिवृद्धि गरी दक्ष जनशक्ति उत्पादन गर्ने दीर्घकालीन लक्ष्य राखेको केन्द्रले जनाएको छ । यसै सन्दर्भमा एन्फोसँगको सहकार्यद्वारा तालिम सामग्रीको विकास, भर्चुअल तालिम सुविधा विस्तार तथा अनलाइन लर्निङ म्यानेजमेन्ट सिस्टमका माध्यमबाट ज्ञान आदानप्रदानको कार्य अघि बढाइने जनाइएको छ ।
एन्फोले वास क्षेत्रमा प्रयोग हुने तालिम सामग्री तथा अन्य ज्ञान उत्पादन विकास गरी समीक्षाका लागि केन्द्रसँग साझेदारी गर्ने तथा सामग्रीको परीक्षण तथा परिमार्जनपछि ती अन्ततः केन्द्रको संस्थागत सम्पत्तिका रूपमा हस्तान्तरण गरिने भएका छन् । साथै एन्फोले राष्ट्रियस्तरको वास रिपोजिटरी निर्माण गर्ने र सोमार्फत देशभरका सरोकारवालाका लागि वाससम्बन्धी स्रोत तथा जानकारी सार्वजनिक रूपमा उपलब्ध गराउने प्रतिबद्धता जनाएको छ । ती सामग्री केन्द्रको आधिकारिक डोमेनमार्फत प्रवाह गरिनेछ ।
केन्द्रले आफ्नै परिसरमा भर्चुअल तालिम सञ्चालनका लागि पूर्वाधार तयार गर्ने र आवश्यक प्राविधिक सहयोग प्रदान गर्ने तथा यसअन्तर्गत एन्फोले विकास गरेका तालिम सामग्री तथा अन्य ज्ञान उत्पादनलाई अनुमोदन गरी वार्षिक तालिम कार्यक्रममा समावेश गरिने केन्द्र प्रमुख तथा इञ्जिनियर श्रेष्ठले बताए । उनले भने, 'यो पहलले दूरदराजका क्षेत्रमा रहेका वास क्षेत्रका पेशेवर तथा सेवाप्रदायकलाई तालिम तथा क्षमता विकासको अवसर पु¥याउने अपेक्षा गरिएको छ ।'
सम्झौताअनुसार दुवै संस्थाले राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा क्षमता विकास कार्यक्रम, अनुसन्धान र सिकाइ–साझेदारी गतिविधि संयुक्त रुपमा आयोजना गर्ने भएका छन् । यस्तो सहकार्यबाट वास क्षेत्रमा नवप्रवर्तन र ज्ञान प्रवाहलाई थप सशक्त बनाइने विश्वास गरिएको छ ।यो सम्झौता २०८२ असोज २३ गतेदेखि लागू भई २०८४ असोज २२ गते (९ अक्टोबर २०२५ देखि ९ अक्टोबर २०२७) सम्म मान्य हुने जनाइएको छ । आपसी सहमतिमा सम्झौताको अवधि थप गर्न सकिने प्रावधानसमेत रहेको छ ।
सम्झौताअन्तर्गत दुवै संस्थाले राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा क्षमता विकास कार्यक्रम, अनुसन्धान तथा सिकाइ–साझेदारी गतिविधि संयुक्त रूपमा आयोजना गर्ने सहमति जनाइएको छ । सम्झौताले नेपालमा दिगो, समावेशी र वातावरणमैत्री खानेपानी तथा सरसफाइ प्रणाली सुदृढ गर्न योगदान पुर्‍याउने दुवै संस्थाको विश्वास रहेको छ ।रासस

# एमाले केन्द्रीय कमिटी बैठक सर्‍यो

**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले)को केन्द्रीय कमिटी बैठक सरेको छ । पार्टी केन्द्रीय कार्यालयका सचिव डा भीष्म अधिकारीले बैठकको तयारी नपुगेकाले बैठक सारिएको जानकारी दिए ।
उनका अनुसार बैठक यही असोज २९ देखि ३१ गते काठमाडौँमा बस्ने तय भएको छ । यसअघि बैठक यही असोज २७ देखि २९ गतेसम्म काठमाडौँमा तय गरिएको थियो ।
ललितपुर, च्यासलस्थित एमाले केन्द्रीय कार्यालय जेन्जी आन्दोलनका कारणले आगजनी र तोडफोड भएको छ । शुक्रबार बस्ने पार्टीको सचिवालय बैठकले केन्द्रीय कमिटी बैठकको कार्यसूची तय गर्नेछ । पार्टीका केन्द्रीय कार्यालय सचिव डा भिष्म अधिकारीका अनुसार केन्द्रीय कमिटीको बैठकको मिति पनि केही दिन पर सरेको छ । बैठकको तयारी नपुगेकोले असोज २७ गते देखि गर्ने भनिएको बैठक असोज २९ देखि ३१ गतेसम्म बस्नेछ ।
केन्द्रीय कार्यालय च्यासल जेन्जी आन्दोलनका क्रममा आगजनी र तोडफोड भएका कारण बैठक स्थल तय भइनसकेको अधिकारीले जानकारी दिए ।

# चितवनमा थपिए १५० नयाँ मतदाता

**चितवन ।**
निर्वाचन कार्यालय चितवनमा ९५० मतदाता थपिएका छन् । यही असोज १० गतेदेखि आजसम्म ती मतदाता थपिएका हुन् ।
सरकारले आगामी फागुन २१ गतेका लागि निर्वाचन तालिका सार्वजनिक गरेसँगै मतदाता नामावली सङ्कलनको कामसमेत सुरु गरिएको हो । जेन्जी आन्दोलनका क्रममा आगजनी गरिएको कार्यालय मर्मत गरिहँदा सोही भवनको बाहिर मतदाता नामावली सङ्कलनको काम गरिएको हो ।
कार्यालयका प्रमुख भीमसेन कार्कीले आगजनी गरिएको भवनबाहिर बसेर काम गरिरहेको बताए । उनले भने, 'अहिले पहिलाको तुलनामा निर्वाचन आयोगमा नामावली दर्ता गराउनेको सङ्ख्या बढ्दो छ ।' नाम दर्ता गराउनेमा अधिकांश २५ वर्षमुनिका रहेका छन् । निर्वाचन आयोगको 'अनलाइन'मा फाराम भरेपछि उक्त फारामका आधारमा जहाँसुकै गएर फोटो र 'बायोमेट्रिक' दिन सकिने उनले बताए । कात्तिक मसान्तसम्म मतदाता नामावली सङ्कलन गरिने उनले जानकारी दिए ।
विसं २०७९ को निर्वाचनमा चितवनमा चार लाख २१ हजार ३९२ मतदाता रहेका थिए । आगामी फागुन २१ गते हुने निर्वाचनमा चितवनका मतदाता चार लाख ५० हजारसम्म पुग्ने प्रक्षेपण गरिएको उनले बताए । निर्वाचन आयोगले निर्वाचनको कार्यतालिका स्वीकृत गरेको छ ।
तालिकाअनुसार मङ्सिर १ देखि १० गतेसम्म राजनीतिक दल दर्ता हुनेछन् । माघ २ गतेदेखि निर्वाचन अधिकृतको कार्यालय स्थापना हुनेछ । फागुन ३ देखि १८ गतेसम्म निर्वाचन प्रचारप्रसारको समय तोकिएको छ ।रासस

# सशस्त्र प्रहरीका निरीक्षक ढकालसहित दुई जनालाई मुद्दा



**काठमाडौँ ।**
अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सशस्त्र प्रहरी निरीक्षक हरिचन्द्र ढकालसहित दुई जनाविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दर्ता गरेको छ । आयोगका अनुसार सशस्त्र प्रहरी निरीक्षक ढकाल र जवान यामबहादुर खत्रीले आपसी मिलेमतोमा सेवाग्राहीसँग घुस लिएको प्रमाणसहित मुद्दा दायर गरिएको हो ।
रुपन्देही जिल्लाको कोटहीमाई गाउँपालिका–५ स्थित सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोस्ट (बीओपी) मझगाँवमा कार्यरत रहेका जवान खत्रीले भारतबाट भन्सार छली कपडा र किराना सामान ल्याउने कार्यमा सहजीकरण गरिदिने बहानामा सेवाग्राहीसँग १५ हजार रुपैयाँ घुस लिएको अभियोग लागेको छ । यस कार्यमा निरीक्षक ढकालले समेत योजनाबद्ध रूपमा संलग्न रही सहजीकरण गरेको ठहर गरिएको अख्तियारले जनाएको छ ।
अख्तियारका प्रवक्ता राजेन्द्रकुमार पौडेलका अनुसार भारतको दुर्गौलिया नाका हुँदै नेपाल भित्र्याइने घरायसी सामग्रीमा अवैध रूपमा सहयोग पु¥याउने सन्दर्भमा घुस लिएको विषयमा अनुसन्धान पूरा भएपछि विशेष अदालतमा मुद्दा दर्ता गरिएको हो ।
आयोगले दुवैजनामाथि भ्रष्टाचार निबारण ऐन, २०५९ अनुसारको सजाय मागदावी सहित मुद्दा दायर गरेको जनाएको छ। अख्तियारले सार्वजनिक सेवामा आसीन व्यक्तिले घुस लिने वा दिनेजस्ता कार्यमा संलग्न भए कानूनी कारबाही हुने चेतावनी पनि दिएको छ ।
अख्तियारले हालैका दिनमा सुरक्षा निकायभित्रका घुस तथा दुरुपयोगका घटनामा कडाइका साथ अनुसन्धान थालेको जनाएको छ । आयोगका अनुसार सार्वजनिक निकायमा सेवा लिन आउने सर्वसाधारणसँग अवैध लाभ लिनेमाथि शून्य सहनशीलता नीति अवलम्बन गर्दै यस्ता घटनामा संलग्न जो कोहीमाथि कानूनी कारबाही गरिनेछ ।

# शवदाह भवनसहितका आयोजना भरतपुर महानगरलाई हस्तान्तरण

चितवन ।
सघन शहरी तथा भवन निर्माण आयोजनाले भरतपुर महानगरपालिका–१ देवघाटमा निर्माणसम्पन्न विद्युतीय शवदाह गृहसहितका विभिन्न शहरी पूर्वाधार विकास आयोजना शुक्रबारमहानगरपालिकालाई हस्तान्तरण गरेको छ ।
देवघाटमा आयोजित कार्यक्रममा आयोजनाले विद्युतीय शवदाह भवन, मलामी प्रतीक्षालय, बसपार्क, टर्मिनल भवन तथा फुटपाथ निर्माण कार्यसहितका पूर्वाधार औपचारिक रूपमा महानगरको जिम्मा लगाइएको हो ।
आयोजनाका प्रमुख झपटबहादुर थापाका अनुसार शवदाह गृह तथा मलामी प्रतीक्षालय विसं २०७५ माघ ३ गते सम्झौता भई विसं २०८२ साउन ३० गते सम्पन्न भएको हो । सम्झौता रकम १० करोड ३६ लाख ५७ हजार ८११ रुपैयाँ रहेकामा निर्माणसम्पन्न गर्न कुल १२ करोड ६४ लाख ८९ हजार ७८४ रुपैयाँ खर्च भएको उनले जानकारी दिए ।
शवदाह भवनमा भुइँतलामा मलामी प्रतीक्षालय र पहिलो तलामा दुई शवदाह (सेमाटोरियम) मेसिन, अफिस, प्रतीक्षालय र 'मच्र्युरी' कक्ष रहेका छन् । विद्युतीय शवदाह मेसिनले अधिकतम ९० मिनेटमा एक शव जलाउन सक्ने क्षमता राख्छ । साथै, चारवटा शव एकसाथ राख्न मिल्ने गरी 'फ्रिज' प्रणाली, जेनेरेटर,



चिम्नीलगायतका आवश्यक उपकरण पनि जडान गरिएका छन् ।
बर्सातको समयमा पानीको सतह बढ्ने भएकाले उपकरण माथिल्लो तलामा स्थापना गरिएको छ । भवनमा शौचालय, स्नानघर तथा अन्य आवश्यक सुविधा पनि उपलब्ध छन् । आवश्यक परे भुइँतलामा क्रियापुत्री बस्ने व्यवस्था गर्न सकिने थापाले बताए ।
आयोजनाअन्तर्गत देवघाट क्षेत्रमा बसपार्क, टर्मिनल भवन, फुटपाथलगायतका संरचना देवघाटसँगै महानगरका विभिन्न स्थानमा निर्माण गरिएको छ । यी सबै परियोजनाको लागत करिब रु ३३ करोड ८० लाख ७५ हजार ४८७ रहेको आयोजनाले जनाएको छ । थापाका अनुसार शवदाह गृह सञ्चालन तथा मर्मत–सम्भारका लागि आयोजना पक्षले एक वर्षसम्म सहयोग र निगरानी गर्नेछ । साथै, महानगरले पठाउने जनशक्तिलाई आवश्यक तालिम प्रदान गरिनेछ ।
कार्यक्रममा महानगरपालिकाका उप–प्रमुख चित्रसेन अधिकारीले महानगरले शवदाह गृहको सञ्चालन र व्यवस्थापन जिम्मेबारीका साथ गर्ने प्रतिबद्धता जनाए । महानगर प्रमुख रेनु दाहालले भरतपुरमा पछिल्ला वर्षमा धेरै विकास आयोजना सम्पन्न भएको जनाउँदै नमूना शहरको अवधारणाअनुरूप समग्र विकास कार्य अघि बढिरहेको धारणा व्यक्त गरिन । उनले विकास निर्माणका क्रममा देखिएका विभिन्न प्रशासनिक र प्राविधिक चुनौतीका बाबजुद महानगरले परिणाममुखी काम गरेको उल्लेख गरिन ।रासस

# एकल महिलाको लोभलाग्दो अग्र्यानिक तरकारीखेती



**भोजपुर ।**
टेम्केमैयुङ गाउँपालिका–४ नागीकी एकल महिला मायादेवी राई अहिले गाउँकै प्रेरणादायी किसान बनेका छन् । राई शिक्षण पेसा छाडेर चार वर्षअघिदेखि अग्र्यानिक तरकारीखेतीमा लागेका छन् ।

राईले ‘इसुक्षा पशुपन्छी तथा मत्स्यपालन फार्म’ दर्ता गरी व्यावसायिक तरकारीखेती गर्दै आएका छन् । उनले बन्दाकोभी, काउली, ब्रोकोली, टमाटर, भेडेखुर्सानी, एक्कास, प्याजलगायत तरकारी अग्र्यानिक विधिबाट उत्पादन गर्दै आएका छन् । गाउँघरमै पाइने गाईभैँसी, बाख्रा र बङ्गुरको गोबर प्रयोग गरेर बनाइएको प्राङ्गरिक मल प्रयोग गरी पूर्णतया अग्र्यानिक उत्पादनमा जोड दिएको उनको भनाइ छ ।

‘व्यावसायिक रूपमा अग्र्यानिक तरकारी उत्पादन गर्दै आएकी छु’, उनले भने, ‘यहाँ उत्पादन भएको तरकारी स्थानीय बजारमा लगेर बिक्री गर्छु । घरखर्च चलाउन समस्या छैन, अब अझै विस्तार गर्ने योजनासहित काम गरिरहेको छु ।’ उनले शिक्षण पेसा छाडेर खेतीमा लागेको कारणबारे बताउँदै भने, ‘कृषि कर्ममा मेहेनत गर्न सके राम्रो आम्दानी गर्न सकिन्छ । तर हामी व्यावसायिक बन्न सक्नुपर्छ । राज्यका तर्फबाट आवश्यक सहयोग र बजार व्यवस्थापन भए अझ धेरै किसानलाई राहत पुग्छ ।’ गाउँपालिका उपाध्यक्ष रमादेवी राईले टेम्केमैयुङमा कृषि र पर्यटनको राम्रो सम्भावना भएकाले गाउँपालिकाले यी दुई क्षेत्रलाई प्राथमिकतामा राखेर नीति तय गरेको बताए । ‘टेम्केमैयुङमा कृषि र पर्यटनको राम्रो सम्भवाना छ’, उपाध्यक्ष राईले भने, ‘किसानलाई व्यावसायिक बनाएर आयआर्जनसँग जोड्न विभिन्न कार्यक्रम सञ्चालन भइरहेको छ ।’ वडा नं ४ का वडाध्यक्ष हर्कराज राईले किसानलाई मौरीपालन, जडीबुटीखेती, सुन्तला र कागतीखेतीमा व्यावसायिक बन्न सहयोग गरिएको बताए । ‘हाम्रो वडामा तरकारीखेतीमा लाग्ने किसानको सङ्ख्या बढ्दो छ’, वडाध्यक्ष राईले भने, ‘नागी क्षेत्र मौरीपालनका लागि पनि उपयुक्त भएकाले मौरीपालक किसानलाई प्रोत्साहनका कार्यक्रम चलाइरहेका छौँ ।’

गाउँपालिका अध्यक्ष सरोज बस्नेतले माटो सुहाउँदो खेती प्रणालीमा जोड दिँदै किसानलाई नगदेबालीतर्फ आकर्षित गर्न कार्यक्रम अघि बढाइएको जानकारी दिए । टेम्केमैयुङमा धेरै उर्वरभूमि भएकाले किसानलाई व्यावसायिक योजनाका आधारमा प्रोत्साहनका कार्यक्रम सञ्चालन भइरहेको उनले बताए ।रासस

# सयपत्री फूलमा आत्मनिर्भर बन्दै पोखरा



**गण्डकी।**
तिहारमा मालाका लागि प्रयोग गरिने सयपत्री फूलमा पोखरा आत्मनिर्भर बन्दै गएको छ । विगतमा तिहारका लागि पोखरामा ठूलै मात्रामा फूल बाहिरबाट आउने गरेकामा पछिल्ला वर्षमा त्यो क्रम क्रमशः घट्दै गएको छ।

पछिल्ला वर्षमा घरका लागि आवश्यक हुने फूल अधिकांशले घरघरमा नै तयार गर्नाका साथै यस क्षेत्रमा व्यावसायिक फूलखेती गर्ने क्रम बढेसँगै पोखरा सयपत्री फूलमा आत्मनिर्भर बन्दै गएको हो । सयपत्री फूलप्रतिको आत्मनिर्भरता बढाउने उद्देश्यले पोखरा महानगरपालिकाले विगत तीन वर्ष यता फूलको बीउ वितरणलगायतमा अनुदान सहयोगसमेत गर्दै आएको महानगरपालिकाका कृषि विकास शाखाप्रमुख मनहर कडरियाले जानकारी दिए । महानगरपालिकाले फूलखेतीमा लाग्ने किसानलाई लक्षित गरी फूलको न्यूनतम समर्थन मूल्य तोक्नाका साथै आवश्यक अन्य सहयोग पनि प्रदान गरिहेको उनको भनाइ छ।

‘यस वर्षका लागि महानगरपालिकाले पोखरामा करिब १२० रोपनी क्षेत्रफलमा पुग्नेगरी अनुदानमा फूलको बीउ वितरण गर्नाका साथै गत असारमा तालिम पनि दिएको थियो’, उनले भने, ‘फूलका लागि मौसम पनि उपयुक्त नै भएकाले यस वर्ष फूलको राम्रै उत्पादन हुने अनुमान गरेका छौँ।’

पछिल्ला वर्षमा पोखरामा उत्पादित फूल क्रमशः आत्मनिर्भरतातर्फ उन्मुख बन्दै गएको उनले जानकारी दिए । यस वर्ष तिहारका लागि बजारमा पुग्नुअघि कृषि सञ्जालसँग छलफल गरी फूलको बिक्री मूल्य तोक्ने योजना रहेको उनले बताए । रासस

# मोरक्कोमा सुधारको माग गर्दै युवा आन्दोलन तीव्र

**मोरक्को ।**
मोरक्कोका राजा मोहम्मद छैटौँले शुक्रबार संसद् उद्घाटन गर्दै राष्ट्रलाई सम्बोधन गर्ने तयारी गरेका छन् ।

देशका प्रमुख सहरहरूमा जारी व्यापक प्रदर्शनहरूले सरकारको खर्च प्राथमिकता र शासनप्रति प्रश्न उठाइरहेकाले यस वर्षको सम्बोधन सामान्य वार्षिक परम्पराभन्दा धेरै उच्च राजनीतिक जोखिमसहितको हुने अनुमान गरिएको छ ।

देशको सर्वोच्च अधिकार सम्पन्न शासक मानिनुहुने राजा मोहम्मद छैटौँले सामान्यतया जनतालाई कमै सम्बोधन गर्ने छन् र अन्तर्राष्ट्रिय मामिलामा प्रायः मन्त्रीहरू वा शाही परिवारका सदस्यहरूलाई प्रतिनिधित्व गर्न पठाउने छन् ।

दशकौँअघि ‘गरिबहरूको राजा’ भनेर चिनिनु भएका उनि अहिले भने सुस्त विकास, बढ्दो असमानता र आर्थिक विभाजनका कारण नागरिकहरूमा फैलिएको असन्तुष्टिको केन्द्रमा छन् ।

सेप्टेम्बर २७ देखि देशभर फैलिएको प्रदर्शनमा हजारौँ युवा सडकमा उत्रिएका छन् । उनीहरूले सरकारको ध्यान सार्वजनिक सेवाभन्दा बढी सन् २०३० फिफा विश्वकपका तयारीमा अर्बौं डलर खर्च गर्नमा केन्द्रित भएको भन्दै आपत्ति जनाइरहेका छन्् । ‘जेन जेड २१२’ नामक युवा नेतृत्वको आन्दोलनले नयाँ स्टेडियम निर्माण र उपेक्षित विद्यालय तथा अस्पतालबीचको असन्तुलनलाई औँल्याउँदै सन् २०११ को अरब वसन्तपछि पहिलोपटक यति ठूलो स्तरको राष्ट्रिय आन्दोलन खडा गरेको छ । प्रदर्शनका नारा स्पष्ट छन्— ‘जनताले राजाको हस्तक्षेप चाहन्छ ।’

राजा मोहम्मद छैटौँले यसअघि असमानताले भरिएको ‘दुई–गति राष्ट्र’ (टु स्पिड कन्ट्री) स्वीकार गर्न नसक्ने बताएका थिए । उनले गत जुलाईमा तटीय सहर तेतुआनमा आयोजित एक भाषणमा भन्नुभएको थियो, ‘आर्थिक विकास र पूर्वाधार निर्माण जति भए पनि ती उपलब्धिहरूले सबै वर्ग र क्षेत्रका नागरिकहरूको जीवनस्तरमा ठोस सुधार ल्याएमा मात्र म सन्तुष्ट हुनेछु ।’

यसपटकको सम्बोधन जनआन्दोलनको चर्को अवस्थामा भइरहेको छ । प्रदर्शनकारीहरूले राजदरबारमा सिधै मागपत्र पठाउँदै प्रधानमन्त्री अजिज अखानोच र उनको सरकारलाई बर्खास्त गर्न, राजनीतिक बन्दीहरूको रिहाइ र भ्रष्ट राजनीतिज्ञहरूलाई कानूनी जवाफदेही बनाउने माग गरेका छन् । ‘हामी, मोरक्कोका युवाहरू, महामहिमको हस्तक्षेपमार्फत अधिकार पुनःस्थापना र भ्रष्टाचार विरुद्ध न्यायपूर्ण सुधारको माग गर्दैछौँ,’ आन्दोलनको पत्रमा लेखिएको छ ।

उक्त पत्रले राजाको समस्याहरू समाधान गर्ने क्षमतामा गहिरो विश्वास व्यक्त गरे पनि राजाको प्रत्यक्ष आलोचना अझै वर्जित रहेको वास्तविकतालाई पनि उजागर गरेको छ । राजालाई सिधै अपिल गर्नु मोरक्कोली राजनीतिक संस्कृतिमा दुर्लभ कदम हो, जसले उनलाई राजनीतिभन्दा माथि राख्ने परम्परालाई चुनौती दिएको छ । यदि मागहरू पूरा भएनन् भने जिम्मेवारी कसको हुनेछ भन्ने प्रश्नले अब देशभर बहस निम्त्याएको छ ।


‘जनताले ‘राजा दीर्घायु हुनुहोस्’ भन्दै सम्मान देखाइरहेका छन्, तर उनीहरूले शक्तिको वास्तविक स्रोत पनि दरबारमै छ भनेर इङ्गित गरिरहेका छन्’, अमेरिकी ड्युक विश्वविद्यालयका राजनीतिक विश्लेषक अब्देसलाम मघ्रौईले टिप्पणी गरे । यसैबीच ६० जना वरिष्ठ बुद्धिजीवी, कार्यकर्ता र असन्तुष्ट नागरिकहरूले जारी गरेको अर्को खुला पत्रले युवाहरूको मागलाई थप बल दिएको छ । उक्त पत्रमा राजा मोहम्मद छैटौँलाई ‘मोरक्कोमा कार्यकारी शक्तिको साँचो स्रोत’ भन्दै प्रधानमन्त्री मात्र नभई देशलाई हल्लाउने असन्तुष्टिको गहिरो संरचनात्मक कारण समाधान गर्न आग्रह गरिएको छ ।

बिहीबार साँझ भएको जनेरेसन जेड २१२ आन्दोलनको प्रदर्शनमा सहभागी युवाहरूले राजाको सम्बोधनबाट ठूलो आशा राखेका छन् । उनीहरूका अनुसार राजा मोहम्मद छैटौँले यदि आफ्ना मागहरू सम्बोधन गर्नुभयो भने प्रधानमन्त्री अजिज अखानोचप्रतिको जनआक्रोश घट्न सक्छ ।

‘हामी आशा गर्छौं, उहाँको सम्बोधनले मोरक्कोका युवाहरूका लागि सकारात्मक परिवर्तनको सङ्केत ल्याउनेछ’, कासाब्लान्कामा प्रदर्शनमा सहभागी १८ वर्षीया विद्यार्थी सौफियानले भने ।एपी

# सामूहिक खेतीबाट मनग्य आम्दानी गर्दै महिला

**दाङ।**
पछिल्लो समय दाङका महिला सामूहिक खेतीमा लागेका छन्। घोराही उपमहानगरपालिका–८ कटुकी सेवारमा रहेको जनचेतना महिला कृषक समूहले सामूहिक खेती गरेर मनग्य आम्दानी गरेका छन्। घोराही उपमहानगरपालिका–८ कटुकीका वसन्ती चौधरी समूहमा आबद्ध भएको दुई वर्ष भयो। उनि जनचेतना महिला कृषक समूहको कोषाध्यक्ष छन् । समूहमा रहेका २० जनाले सामूहिक खेती गर्ने गरेको उनले बताए। उनले भने, ‘सोही वडामा २५ कट्ठा जमिन भाडामा लिएर आलु र प्याजखेती गरेका थियौँ, आलु उत्पादन राम्रो भयो र प्याज पनि राम्रो भएको छ, दुईवटा टनेल बनाएर तरकारीखेती गरेका छौँ।’ कृषि ज्ञान केन्द्रले लक्षित वर्गका लागि बजेट सहयोग गरेको छ । सोही कार्यालयले २० जनालाई २० हजार रुपैयाँ



का दरले बीउपुँजी सहयोग गरेको उनले बताए। समूहमा आबद्ध भएपछि सरकारी कार्यालय र अन्य कार्यालयमा केके कार्यक्रम आउँछन्, त्यसका बारेमा जानकारी हुने गरेको र अनुदानका लागि फारम भरेको उनले बताए।

समूहका अध्यक्ष देउकुमारी चौधरीले आफ्नो र भाडामा लिएको जमिनमा सामूहिक खेती गरेको बताए । घरको जमिनमा गरेको खेती घरमै राख्ने तर सामूहिक गरेको खेतीको आम्दानी समूहमा राख्ने गरेको बताए। गत वर्ष सामूहिक खेती गरेको धान बिक्री गरेर ६० हजार रुपैयाँ , आलु बिक्रीबाट २० हजार रुपैयाँ, ब्रोकाउली बिक्रीबाट १२ हजार १५० रुपैयाँ, तरकारीका बेर्ना बिक्रीबाट आठ हजार ३००, काउली बिक्रीबाट चार हजार ५००, प्याजको बेर्ना बिक्रीबाट तीन हजार, गहुँ बिक्रीबाट १२ हजार रुपैयाँ आम्दानी भएको उनले बताए। समूहमा काम गर्न थालेपछि एक लाख १९ हजार ९५० रुपैयाँ आम्दानी भइसकेको छ उनले भने। पन्ध्र क्विन्टल प्याज थियो, त्यो बिक्री भइरहेको छ। सामूहिक खेती गर्न धेरै सजिलो भएको छ, समयमा खेताला नपाइने र जनशक्ति कम भएका बेला सामूहिक खेतीले सहज भएको उनको भनाइ छ।

भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रले बङ्गुरपालनका लागि खोर बनाउन १० लाख रुपैयाँ बजेट सहयोग गरेको उनले बताए । अध्यक्ष चौधरीले समूहका सबै सदस्यले वित्तीय साक्षरता सिकेर बचत गर्न, लगानी गर्न, ऋण व्यवस्थापन गर्न, आम्दानी र खर्चमा योजना बनाउने गरेको बताए। उनले भने, ‘सामूहिक काम गर्दा छिटो र छरितो हुने गरेको छ, खेताला लगाउन नपर्ने सजिलै काम सकिने भएको छ।’

पशुसेवा विज्ञ केन्द्रका सूचना अधिकारी कृष्ण न्यौपानेले लक्षित वर्गका लागि आएको बजेट महिला समूहलाई दिएको बताए । महिलाहरूको आयआर्जनमा टेवा पुर्याउने उद्देश्यले सहयोग गरेको बताए।रासस

# सहकारीमार्फत माहुरीपालन

**रामेछाप ।**
रामेछापमा सहकारीमार्फत माहुरीपालन गर्न थालिएको छ । मनग्य आम्दानी हुन थालेपछि सहकारीमार्फत माहुरीपालन गर्न सुरु गरिएको हो ।

मन्थली र रामेछाप नगरपालिका तथा सुनापति गाउँपालिकाका किसानले माहुरीपालनबाट पर्याप्त आम्दानी गर्ने गरेपछि मन्थलीमा रहेको सदाबहार बहुद्देश्यीय सहकारी संस्थाले व्यावसायिक रुपमा माहुरीपालन सुरु गरेको हो । सदरमुकाम मन्थली बजारमा २० घारबाट सुरु गरिएको माहुरीपालनले मनग्य आम्दानी हुन थालेपछि आफूले सहकारीमार्फत माहुरीपालन विस्तार गरी ६० घार पुऱ्याउने लक्ष्य राखेको सदावहार बहुद्देश्यीय सहकारी संस्था मन्थलीका अध्यक्ष चन्द्र मानन्धरले बताए ।

‘सहकारीमार्फत माहुरीपालन गरिएको यो जिल्लामा पहिलो हो । यसलाई व्यवस्थित तरिकाले सञ्चालन गर्ने हो भने अन्य सहकारीले पनि यस प्रकारका कृषिकर्ममा लगानी गर्ने वा आफैँले माहुरीपालन गरे फाइदा हुने देखिन्छ’, उनले भने, ‘माहुरीपालन बचत तथा ऋणको कारोबार गर्ने सहकारी आफैँले गर्न त नमिल्ला, तर कृषिसँग सम्बन्धित सहकारीले माहुरीपालन गरेर राम्रो आम्दानी लिन सक्छन् । माहुरीपालक इमान्दार कृषकलाई जिल्लामा रहेका बचत तथा ऋण सहकारी संस्थाले पनि लगानी गर्न सक्छन् ।’

विशेषगरी पुस र माघ महिनामा तोरी फुलेको याममा बढी मह उत्पादन हुने भएकाले मेलिफेरा जातका माहुरीले राम्रो उत्पादन दिने माहुरी पालक किसान बताउँछन् । परम्परागत रुपमा पालिएका सेरेना जातका माहुरी लोकल माहुरी भएकाले यिनिहरुले कम मह उत्पादन गर्ने गरेका कारण अहिले व्यावसायिक रुपमा मौरीपालन गर्ने किसानले मेलिफेरा जातको माहुरी पाल्ने गरेका अध्यक्ष मानन्धरले बताए ।

वर्षाको समयमा माहुरी चर्न जान नसक्ने र



फूलसमेत कम फुल्ने भएपछि उनीहरुको चरन क्षेत्र कम हुने भएका कारण यस वेला निकै कम मात्र मह उत्पादन हुने गर्दछ । तालिम प्राप्त नगरेका व्यक्तिले माहुरीपालन गर्न कठिनाइ हुनेहुँदा यसका लागि तालिम अनिवार्य भएको माहुरी कृषकहरु बताउँछन् । सुक्खा ठाउँमा हुने व्यवसायको विकल्प खोज्दै जाँदा आफू यस माहुरीपालन व्यवसायमा लागेको र सोबाट उत्पादित मह बिक्रीबाट आफूले मासिक रुपमा ५० हजारभन्दा बढी कमाउने गरको रामेछाप नगरपालिका–७ सुकाजोरका माहुरीपालक कृषक कृष्णबहादुर मगर बताउछन् ।

उनले भने, ‘म लामो समय वैदेशिक रोजगारीमा थिए । विसं २०७२ को भूकम्पपछि नेपाल फर्केर आफ्नै गाउँमा केही गरौँ भन्ने अठोटका साथ पहिला पशुपालन गरे । त्यसपछि कुखुरा पाले तर तिनीहरुलाई घाँस, पानी र दाना नियमिति दिनुपर्ने गाउँमा पानीको समस्या हुने भएपछि अन्य विकल्प खोज्दै जाँदा मैले यो व्यवसाय रोजेको हुँ । यसबाट म सन्तुष्ट छु ।’

सुरुसुरुमा माहुरीपालक किसानका लागि अनुदानको व्यवस्था गर्ने गरिएको, अनुदान प्राप्त भएपछि एउटै किसानने माहुरीपालन विस्तार गर्ने तर गाउँका अन्य सिकानले खासै चासो नगर्ने भएपछि उक्त अनुदानका साझेदारी कार्यक्रम कटौती भएको राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमले जनाएको छ । आफ्नो कार्यालयसँग गत वर्ष माहुरी प्रवद्र्धन कार्यक्रम रहे पनि यस वर्ष भने उक्त कार्यक्रमका लागि बजेट विनियोजन नभएको तर युवालक्षित कार्यक्रमअन्तर्गत बास्तविकताका आधारमा केही सहयोग गर्न सकिने राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमका कार्यालय प्रमुख थिरलाल गैरेले बताए । तोरी वा अन्य फुल फुलेको ठाँउमा माहुरी चराउन लैजाने गरिन्छ । पराग सेचनमा माहुरीको महत्वपूर्ण योगदान हुने हुनाले मौरी चराएको तोरी बढी फल्ने मन्थली–की सरिता ढुङ्गेलले बताए ।

मह प्रतिकिलो एक हजार रुपैयाँ देखि एक हजार ५०० रुपैयाँ सम्ममा बिक्री हुने गरेको छ । यसको बजार, रामेछापको जिल्ला सदरमुकाम मन्थली छिमेकी जिल्ला दोलखा, सिन्धुली र काठमाडौँ हो । त्यसका अलावा विभिन्न समयमा जिल्ला जिल्लामा हुने गरेको मेला तथा महोत्सवमा समेत मह बिक्री हुने गरेको सुनापति गाउँपालिका–५ का माहुरीपालक कृषक कृष्णबहादुर श्रेष्ठ बताउछन् ।

वर्षात्को समयमा भन्दा हिउँदको समयमा बढी मह उत्पादन हुने यस व्यवसाय प्रबद्र्धन गर्नका लागि सरकारी निकायको विषेश पहल हुनुपर्ने मन्थली–५ सुनारपानीका कृषक हिरालाल आचार्यले बताए । यो व्यवशायका लागि स्थानीय तहले विशेष कार्यक्रम सञ्चालन गर्नसके गाउँमै स्वरोजगार बन्न सकिने अवस्था रहेको मन्थली–१ का गुञ्जबहादुर श्रेष्ठ बताउछन् । रासस

# सकसपूर्ण दशैंयात्रा



**काठमाडौँ।**
सामान्य अवस्थामै पनि हरेक वर्ष दशैँको यात्रा निकै सकसपूर्ण हुने गरेको छ। चाहे त्यो हवाईजहाजको यात्रा होस् या सडकयात्रा दुवै कष्टकरपूर्ण हुन्छ । सङ्घीय राजधानी काठमाडौँ बाहिरका गन्तव्य जाने र दशैँ सकिएपछि गन्तव्य फर्किने नागरिकको सङ्ख्या अत्यधिक भएकाले हरेक वर्ष दशैँको यात्रा कष्टकर हुने गरेको छ। हवाई उडान महँगो भए पनि यात्रुले सहज रूपमा टिकट नपाउने समस्या छ । बसको टिकट पाउन पनि मुस्किल पर्छ । सधैँजसो दशैँको सकसपूर्ण यात्रालाई यसपटकको प्राकृतिक विपत्तिले झनै सकसपूर्ण बनायो। दशैँको विजयादशमीको भोलिपल्ट अर्थात् असोज १७ देखि २० सम्म निरन्तरको भारी वर्षाले मुलुकभरको जनजीवन प्रभावित भयो। मानवीय क्षति व्यहोर्नुपर्यो । राजधानी प्रवेश गर्ने मुख्य नाकाहरू अवरुद्ध भए । हवाई आवागमन पनि एक दिन पूर्ण रूपमा अवरुद्ध भयो। असोज १८ गते उडान प्रतिकूल मौसमका कारण त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट हुने सबै आन्तरिक उडान रद्दसमेत भयो। उक्त दिन प्रतिकूल मौसम तथा खराब 'इनरुट'का कारण हवाई उडान रद्द हुँदा उडानमा समेत अत्यधिक चाप बढ्यो।

वायुसेवा सञ्चालक सङ्घका अध्यक्ष मनोज कार्कीले हरेक वर्ष दशैँको बेला उडान चाप व्यहोरिरहेका हवाई कम्पनीलाई यसपटक दशैँमै भएको प्राकृतिक विपत्तिले उडान चाप हुँदा यात्रुले निकै सकस व्यहोर्नुपरेको बताए । उनले भने, 'दशैँमा सामान्य अवस्थामा पनि हवाई उडान अत्यधिक चाप हुन्थ्यो । यसपटक प्राकृतिक विपत्तिले झनै सास्ती दियो । गन्तव्य पुगेकालाई फर्कन झनै सकस भयो । सडक अवरुद्ध हुँदा हवाई उडान चाप बढ्यो।'

दशैँमा आवतजावत गर्ने महत्त्वपूर्ण माध्यम भनेको सडक तथा हवाई यातायात नै हो । अझ प्रभावकारी यातायातका रूपमा हवाईसेवालाई लिइन्छ। बर्सेनि दशैँका बेला यात्रुलाई हवाई जहाजको टिकट पाउन सकस हुन्छ । वायुसेवा प्रदायक कम्पनीले दशैँ आउन एक महिनाअघि नै जहाजको टिकट बुकिङ पूर्ण भइसकेको बताउँछन्।

उसै पनि दशैँमा चाप हुने गरेको हवाई उडान वर्षात्पछिका बाढीपहिरोको विपत्तिले थप समस्या निम्त्यायो । यात्रुले महँगो मूल्य तिरेर पनि हवाई टिकट पाउन सकेनन् । समस्यामा परेका यात्रु दुई–चार दिनसम्म टिकटका लागि भौतारिनुपर्यो । हवाईसेवा कम्पनीलाई पनि यात्रुको चाप र प्रेसर धान्न ठूलै सकस भयो। यात्रुलाई मागबमोजिम टिकट उपलब्ध गराउन नसक्नु र हवाई उडान व्यवस्थापनको चुनौतीले एयरलाइन्स कम्पनीले पनि उत्तिकै सकस व्यहोरे। यात्रुको चाप बढेपछि एयरलाइन्सले केही गन्तव्यमा उडान थपेर पनि सेवा दिए। राति २:०० देखि ३:०० बजेसम्म पनि उडान गर्नुपर्ने बाध्यता रह्यो।

दश दिनमा एक लाख ३४ हजारले गरे हवाईयात्रा

त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको तथ्याङ्कानुसार दश दिनमा करिब डेढ लाखले हवाईयात्रा गरेका छन्। असोज १२ देखि २१ गतेसम्म कुल एक लाख ३४ हजार ५१५ यात्रुले हवाईयात्रा गरेका हुन्। यसमध्ये ७४ हजार ५९१ यात्रु बाहिरिए भने ५९ हजार ५४४ यात्रु काठमाडौँ भित्रिएका छन्। उक्त अवधिमा एक हजार २८५ उडान र एक हजार २६३ अवतरण गरी कुल दुई हजार ५४८ उडान भएका छन्।

एकै दिन १९ हजार २५५ हवाईयात्रु

विमानस्थलका प्रवक्ता रिञ्जी शेर्पाका अनुसार गत असोज २० गते आन्तरिकतर्फ एकैदिन १९ हजार २५५ यात्रु आवतजावत गरेका छन् । जसमध्ये नौ हजार ९३६ हवाई यात्रु काठमाडौँ भित्रिए भने नौ हजार १३८ बाहिरिएका छन् । एक सय ८१ यात्रुले पर्वतीय उडान (माउन्टेन फ्लाइट) गरेका छन् । उक्त दिन आन्तरिकतर्फ १६४ उडान र १६० अवतरण गरी ३२४ उडान भएका थिए।

आकडाअनुसार असोज १२ गते १४ हजार १८९, १३ गते १३ हजार १३५, १४ गते ११ हजार ७६९, १५ गते ११ हजार ८९१, १६ गते १३ हजार ३०९, १७ गते १६ हजार ३४५, १८ गते मात्र ६०३, १९ गते १६ हजार ३००, २० गते १९ हजार २५५ र २१ गते १७ हजार ७२२ यात्रुले हवाईयात्रा गरेका छन्।

वर्षाले सडक अवरुद्ध भएपछि सडक सवारीसाधनबाट यात्रा गर्ने यात्रुले पनि हवाईयात्रा रोज्नुपर्ने बाध्यता भएकाले यसपटक हवाई उडानमा बढी चाप भएको सङ्घका अध्यक्ष कार्कीले बताए। यात्रुको चापले एयरलाइन्सलाई उडान व्यवस्थापन गर्न पनि कठिनाइ भएको उनको भनाइ छ।

दशैँको समयमा भएको प्राकृतिक विपत्तिले एयरलाइन्सलाई उडान व्यवस्था गर्न निकै चुनौती भएको बुद्ध एयरका बजार निर्देशक रूपेश जोशीले बताए। 'दशैँको एक दिन सम्पूर्ण उडान रद्द हुँदा त्यसको तीनचार दिनसम्म उडान व्यवस्थापन गर्न कठिन भयो', उनले भने, 'बिहीबारसम्म एयरलाइन्सलाई उडान व्यवस्थापनमा समस्या भएको छ । शनिबारदेखि सामान्य अवस्थामा आउला।'

बुद्ध एयरले मात्रै असार २० गते एकै दिन ११ हजार र २१ गते ११ हजार हाराहारी उडान गरेको छ । कम्पनीले अहिले दुईतर्फी दैनिक १६० उडान गर्दै आएको छ। उडान चाप बढेका बेला प्रतिकूल मौसमले उडान अवरोध हुँदा थप समस्या भएको निर्देशक जोशीको भनाइ छ।

यती एयरलाइन्सका प्रवक्ता सुदर्शन बर्तौलाले दशैँको बेलाको प्राकृतिक विपत्तिले हवाई उडान व्यवस्थापन निकै सास्ती व्यहोर्नुपरेको बताए । उनले भने, 'दशैँमै एक्कासी परेको वर्षाले प्रतिकूल मौसम हुँदा उडानमा समस्या भयो। गत वर्ष दशैँ अगाडि नै मनसुनी वर्षा भएकाले तुलनात्मक रूपमा दशैँमा उडान व्यवस्थापन गर्न कठिन भएको थिएन। यो पटक हवाईयात्रा सकसपूर्ण रह्यो ।' क्षमताभन्दा बढी उडान गर्नुपर्ने र टिकटका लागि यात्रुको प्रेसर थेगिनसक्नु रहेको प्रवक्ता बर्तौलाले बताए । यतीले अहिले दैनिक दुइतर्फी ६० देखि ७० उडान गरिरहेको छ।

यता श्री एयरलाइन्सका संस्थागत प्रबन्धक अनिल मानन्धर पनि यसपटक उडान व्यवस्थापन र यात्रुको चाप धान्न निकै कठिन भएको बताउछन । केही गन्तव्यमा उडान थपिए पनि उडान 'डिले' हुँदा व्यवस्थापनमा चुनौती बढेको बताए। टिकटका लागि यात्रुको निकै प्रेसर थेग्नुपरेको उनले उल्लेख गरे । श्रीएयरले पनि दैनिक दुईतर्फी करिब ७० उडान गर्दै आएको छ।

नेपाल नागरिक उड्डयन प्राधिकरणले तोकेको भाडादरअनुसार काठमाडौँदेखि सबैभन्दा लामो गन्तव्य धनगढीमा १७ हजार ५७९ रुपैयाँ र सबैभन्दा नजिक काठमाडौँ–सिमरामा तीन हजार ९७८ रुपैयाँ रहेको छ।

अविरल वर्षापछि आएको बाढीले बिपी राजमार्ग पूर्ण रूपमा अवरुद्ध हुँदा हवाईयात्रा गर्ने यात्रुलाई समेत निकै सास्ती भयो । हाइवेको बाटो लामो घुम्ती पार गरेर यात्रा गर्नुपर्ने भएकाले करिब ८ देखि १० घण्टाको यात्रा थप १० घण्टा लामो सकसपूर्ण यात्रा गर्नुपर्ने बाध्यता भयो । बसको भाडा पनि झण्डै दोब्बर तिर्नुपर्यो यात्रुले । उदाहरणका रूपमा धरानबाट काठमाडौँ आउने बोलेरो जिपले साबिकमा दुई हजार रुपैयाँ भाडा लिने गरेकामा दशैँमा तीन हजार रुपैयाँ देखि चार हजारसम्म भाडा लिएको पाइयो । त्यसैगरी, कटारी–काठमाडौँ साविकमा एक हजार २०० रुपैयाँ भाडा थियो । अहिले यात्रुले तीन हजार रुपैयाँ सम्म तिरेर यात्रा गर्न बाध्य भएका छन्। हरेक वर्ष दशैँमा गाउँघर पुगेर आफन्त र साथीभाइसँग रामाइलो गर्ने चाहना सबैलाई हुन्छ । तर, दशैँमा एयरलाइन्सको टिकट पाउन मुस्किल हुन्छ । हवाईयात्रुको चाप बढ्छ। सीमित जहाज र पर्याप्त उडान नहुँदा बर्सेनि हवाईयात्रुले सास्ती व्यहोर्दै आएका छन् । हवाईयात्रा सहज, सुलभ र उडान सहजीकरण बनाउन सम्बन्धित निकायको बेलैमा ध्यान पुग्न जरुरी छ।रासस

# सडक नखुल्दा जलजला पुग्न पाएनन् पर्यटक



**बागलुङ।**
अघिल्लो वर्ष दशैँमै आन्तरिक तथा बाह्य पर्यटक जलजला पुगेका थिए । यस वर्ष लामो वर्षा र सडक नखुल्दा अहिलेसम्म पर्यटक ढोरपाटन उपत्यका र बुकीपाटनबाटै फर्किने गरेका छन् । नेपालको एकमात्र सिकार आरक्ष ढोरपाटनमा पर्ने जलजला बागलुङ र म्याग्दी जिल्ला दुवैतिरबाट जोडिएको छ । नजिकैबाट यहाँका दर्जनौँ हिमश्रृङ्खला र सूर्योदयको अवलोकन गर्न सकिने हुँदा पर्यटकको आकर्षण बढ्दो छ।

पाँच वर्ष अगाडिसम्म जलजला ओझेलमै थियो । तर पछिल्लो समय तीव्र रूपमा प्रचारप्रसार हुँदा हिउँदयाममा पर्यटक यहाँ आउने गरेका छन् । ढोरपाटन उपत्यकादेखि करिब २२ किलोमिटर पश्चिममा पर्ने जलजलामा अघिल्लो वर्षमात्र सडक पुगेको छ । ढोरपाटन र म्याग्दीको धवलागिरि गाउँपालिकाबाट तल्लो जलजला सडक सञ्जालले जोडिएको हो । सडक जोडिए पनि बर्खाको समयमा सवारी नचल्दा पर्यटकले सास्ती खेप्नुपरेको छ।

ढोरपाटन उपत्यकाबाट घनाजङ्गल र ठूला जङ्घार पार गर्नुपर्ने हुँदा यस वर्ष दशैँमा पर्यटक जलजला पुग्न सकेनन्। जलजला पुग्नका लागि तीन स्थानमा गाठेसाँघु तर्नुपर्ने हुन्छ । तर यस वर्ष वर्षाका कारण अहिलेसम्म साँघु नहालिएको ढोरपाटन उपत्यका होटल व्यवसायी सङ्घका अध्यक्ष जीवन पुनले बताए । दुई वर्षयता जलजला जाने पर्यटकको सङ्ख्या बढ्दै गएको भन्दै यस वर्ष मौसमका कारण पर्यटक पुग्न नसकेको उनले सुनाए।

ढोरपाटन–जलजला सडकको गुरुघाटमा एउटा र दुईवटा गुर्जाघाट काठको साँघु हाल्नुपर्ने उनको भनाइ छ । गत वर्ष हालेको साँघु बर्खामा खोलाले बगाइदिएको भन्दै अब केही दिनमा सडक सफाइ गर्ने र साँघु हाल्ने अध्यक्ष पुनले बताए । म्याग्दीको धवलागिरि गाउँपालिकाले मरेनी सडक सफाइ गरे पर्यटक सहज रूपमा जलजला आउने उनि बताछन । अहिले दैनिक एक सय पर्यटक ढोरपाटनमा आउने गरेका र ढोरपाटन आएका पर्यटक जलजला जान नपाउँदा गुनासो गर्ने गरेको उनको भनाइ छ।

'अघिल्लो वर्षदेखि जलजला जाने पर्यटकको भीड बढ्न थालेको छ, पहिले जलजला क्षेत्र सुनसान थियो, गोठालामात्र पुग्थे, यो ठाउँ वास्तवमै सुन्दर छ, प्रचारप्रसारले गर्दा अहिले पर्यटकको आगमन बढेको हो', अध्यक्ष पुनले भने, 'यस वर्ष लामो वर्षा भयो, ठाउँठाउँमा बाटो बिग्रिएकाले साँघु हाल्नुपर्ने छ, अब केही दिनमै त्यो काम गर्छौँ, तिहारसम्म पर्यटक पुग्ने छन्।'

समुद्री सतहबाट तीन हजार ४०० मिटर उचाइमा रहेको जलजलाबाट धवलागिरि, माछापुच्छ्रे, अन्नपूर्ण, मानापाथी, पुथा, चुरेन, गुर्जा, निलगिरिलगायत दुई दर्जन बढी हिमाल एकैठाउँ उभिएर नजिकै देख्न सकिने हुँदा पर्यटकको आकर्षण बढ्दो छ । तुलसीपुर दाङबाट घुम्न आउनुभएका रावल रोकायाले सडक नखुल्दा जलजला जान नपाएको गुनासो पोखे। सामाजिक सञ्जालमा जलजलाबाट देखिने हिमश्रृङ्खलाले आफूलाई मोहित बनाएको भन्दै प्रत्यक्ष घुम्न आएको सुनाए।

उनले भने, 'ढोरपाटन उपत्यकाबाट मोटरसाइकलमै जान सकिन्छ भन्ने सुनेको थिएँ, तर अहिलेसम्म सडक व्यवस्थित भइसकेको रहेनछ, ठाउँठाउँमा पहिरो र खोलाका कारण यात्रा गर्न सकिँदैन भन्ने सुनियो, त्यहीँ भएर यसपालि जलजला पुग्ने इच्छा पूरा हुन सकेन, हुन त यो साल धेरै वर्षा भयो त्यही भएर पनि होला।' रोकायाले १२ जनाको सूमहमा घुम्न आएको सुनाए । जलजला जान नपाए पनि बुकीपाटन गएर फर्किएको उनको भनाइ छ । यतिबेला जलजला पुग्नेगरी ढोरपाटन आएकाहरू उपत्यकाबाटै फर्किने गरेका छन्।रासस

# ४३६ जनाले लिए निःशुल्क यातायात सेवा



**खोटाङ ।**
जिल्लाका एक युवा समूहले चाडपर्वलाई लक्षित गरेर सञ्चालन गरेको 'दशैँ–तिहार, चेलीलाई उपहार' अभियानमा जिल्लाका चार सय ३६ जना छोरीचेलीले निःशुल्क यातायात सेवा दिएका छन् । नेपाल खेलकुद प्रतिष्ठानका अध्यक्ष सञ्जयकुमार राईको अगुवाइमा सञ्चालन गरिएको अभियानमा विभिन्न स्थानीय तहका युवाले आफ्नै मोटरसाइकलमार्फत निःशुल्क यातायात सेवा प्रदान गरेका हुन् ।

जिल्लाका दशवटै स्थानीय तहका युवाले आफ्नै मोटरसाइकलमार्फत छोरीचेलीलाई घरदेखि माइतीघर र माइतीघरदेखि घरसम्म तथा मावलीघरसम्म लैजान र फर्काउने सेवा दिएका छन् । चाडपर्वको मौकामा अर्थाभाव तथा यातायातको पहुँच नपुगेको र सार्वजनिक सवारीसाधन भरिभराउ हुँदा भनेजस्तो सिट नपाएर माइती–मावली जान नपाउने छोरीचेलीलाई लक्षित गरेर अभियान चलाइएको हो ।

दशैँको टीका (असोज १६ देखि असोज १९ गते) सम्म सञ्चालन गरिएको अभियानका क्रममा जिल्लाका विभिन्न सडकखण्डको ३५ किलोमिटर दूरीभित्रका छोरीचेलीलाई माइत, मावल र घर फर्काउने सेवा दिइएको थियो । अभियानमा जोडिएका युवाले ६६ वटा मोटरसाइकल र शुभम् फाउण्डेसनको एउटा चारपाङ्ग्रे जीपमार्फत सेवा दिएका हुन् ।

दशवटै स्थानीय तहमा संयोजक तोकेर सञ्चालन गरिएको अभियानअन्तर्गत दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका–१ दिक्तेल बजारबाट २०५ जनालाई मोटरसाइकल र ९० जनालाई जीपबाट निःशुल्क यातायात सेवा प्रदान गरिएको युवा समूहले जनाएको छ । हलेसी तुवाचुङ नगरपालिका–७ हलेसी बजारबाट २३ जना, केपिलासगढी गाउँपालिकाको बाक्सिला बजारबाट ७५, दिप्रुङ चुइचुम्माबाट २१ तथा रावाबेँसीबाट २२ जनाले मोटरसाइकल सेवा लिएका छन् ।

पहाडी भूगोल, कच्ची सडक र बर्खायामका कारण बिग्रेर अवरुद्ध बनेका सडकमा सबैतिर सार्वजनिक यातायात पुग्न नसक्ने अवस्था भएपछि छोरीचेलीलाई घरदेखि माइती तथा माइतीघरदेखि आफ्नो घरसम्म आवतजावत गराउन अभियान सञ्चालन गरिएको संयोजक राईले जानकारी दिए । 'बिनास्वार्थ चाडपर्वमा समयमै गन्तव्य पुग्न र फर्कन सहज होस् भन्ने मानवीय भावनाले अभियान चलाएका हौँ । अब तिहारलक्षित अभियान पनि चलाउने योजना बनाएका छौँ', उनले भने, 'तिहारका लागि आउँदो कात्तिक ५ देखि ७ गतेसम्म अभियान चलाउने तयारी गरिएको छ । यस वर्षको दशैँ र तिहारमा करिब एक हजार छोरीचेलीलाई सेवा प्रदान गर्ने लक्ष्य राखिएको छ ।'

यस वर्षका लागि अभियान चलाउन जनसम्पर्कका लागि दिक्तेल बजारस्थित किरातचोकमा सचिवालय नै स्थापना गरिएको थियो । मौसममा आएको खराबी तथा सबै ठाउँमा मोबाईल फोनको टावर नटिप्ने भएकाले सम्पर्कका लागि सचिवालय स्थापना गरेर निःशुल्क यातायात सेवा प्रदान गरिएको थियो । आर्थिक अवस्था कमजोर भएका र सवारीसाधनको पहुँच नभएका छोरीचेलीलाई घरबाट माइतीघर र माइतीघरबाट घरसम्म आउनेजाने सेवा दिइएको युवा समूहले जनाएको छ ।

जिल्लाको प्रमुख व्यापारिक केन्द्र दिक्तेल बजारमा स्थापना गरिएको सचिवालयमा सेवाग्राहीको विवरण सङ्कलन गर्दै निःशुल्क यातायात सेवा दिइएको सचिवालय सदस्य अनिशा रम्तेलले जानकारी दिए ।

युवा समूहले सञचालन गरेको अभियानका लागि विभिन्न निकायले इन्धन तथा अन्य आवश्यक सामग्री उपलब्ध गराएको थियो । यो समूहले गत वर्षको दशैँतिहारमा चार सय १५ छोरीचेलीलाई निःशुल्क यातायात सेवा उपलब्ध गराएको थियो ।रासस



*ओभरपास निर्माणः पूर्व–पश्चिम राजमार्ग अन्तर्गत सिरहाको लहान नगरपालिका–१ शहीदचोकमा ओभरपास निर्माण कार्य गरिँदै । वर्षापछि रोकिएको निर्माण कार्य पुनः सञ्चालनमा आएको निर्माण कम्पनीले जनाएको छ । तस्बिरः रासस*

# टिकटक बनाउन हाम्फालेका मृत फेला

**बारा ।**
लगातार परेको अविरल वर्षाका कारण दुधौरा खोलाको पुलबाट असोज १९ गते हाम्फालेको टिकटक भिडियो बनाउने क्रममा बेपत्ता भएका बाराको प्रसौनी गाउँपालिका–२ निवासी २१ वर्षीय विकी गोसाइँको शव फेला परेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।
उनको छ दिनपछि गण्डक जाने बङ्गरी पुल नजिक शव फेला परेको जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी प्रवक्ता विजयराज पण्डितले जानकारी दिए । गोसाइँ असोज १९ गते आइतबार बिहान ८ः३० बजे दुधौरा खोलाको पुलबाट हाम्फालेका थिए । उनको सशस्त्र प्रहरी र नेपाली सेनाको गाताखोरले खोजतलास गरेको थियो । गोसाइँका साथमा हाम्फालेका २० वर्षीय अनुराग केशरवानी पौडेर नदी किनारमा आएका थिए ।
इलाका प्रहरी कार्यालय प्रसौनीका प्रमुख प्रहरी निरीक्षक टुपेन्द्र श्रेष्ठका अनुसार, नेपाली सेनाका लप्टन नीरज राईको कमान्डमा २३ जना, सशस्त्र प्रहरी निरीक्षक इन्द्रजङ्ग थापाको नेतृत्वमा १० जना र प्रहरी सहायक निरीक्षक राजनारायण महतोको कमान्डमा १० जना गरी ४३ जनाको टोली मोटरबोट र गोताखोरको सहयोगमा खोजीमा खटिएको छ ।
सशस्त्र प्रहरी विपद् व्यवस्थापन गण निजगढका प्रहरी नायब उपरीक्षक सन्दीप अर्यालको नेतृत्वमा खोलाको एक किलोमिटर क्षेत्रमा तीव्र खोजबिन भइरहेको छ । खोजी दुधौरा खोलाको पुलदेखि फेटा गाउँपालिका–१ त्रिवेणीको झुलेङ्गे पुल, त्रिवेणीको नहर पुल, विश्रामपुर गाउँपालिका–५ नकटुवा हुँदै फेटा गाउँपालिका–२ चिलझपटीसम्म सञ्चालन गरिएको छ ।
यता, सर्लाहीको बलरा नगरपालिका–१० सुदामा भएर बग्ने मनुष्मारा नदीमा डुबेर २८ वर्षीय विवेक चौधरीको शुक्रबार बिहान मृत्यु भएको सर्लाहीका प्रहरी प्रवक्ता सरोज राईले जानकारी दिए ।

# निष्पक्ष निर्वाचनका पक्षमा माओवादी अडिगः दाहाल

**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले स्वच्छ, निष्पक्ष र धाँधलीरहित निर्वाचनका पक्षमा आफू नेतृत्वको पार्टी प्रतिबद्ध रहेको बताएका छन् ।
प्रेस सन्टर नेपालद्वारा शुक्रवार ललितपुरमा आयोजित सम्पादकरूसँगको संवाद कार्यक्रममा पूर्वप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष दाहालले जिम्मेवार राजनीतिक दल, नागरिक समाज, बौद्धिक जगत् तथा आमसञ्चारमाध्यमको ध्यान निर्वाचनको वातावरण तयार गर्नेतर्फ केन्द्रित हुनुपर्नेमा जोड दिए । उनले आगामी फागुन २१ गते हुने निर्वाचनलाई सफल बनाई प्रतिनिधिसभामार्फत मुलुकलाई राजनीतिक निकास दिनुपर्ने धारणा व्यक्त गर्दै त्यसका लागि समाजका सबै तह तप्कासँग अनुरोध गरे ।
देश अहिले इतिहासकै अत्यन्त अप्ठ्यारो अवस्थामा पुगेको भनी चिन्ता व्यक्त गर्दै अध्यक्ष दाहालले बदलिँदो राजनीतिक घटनाक्रमका बीच 'जेन्जी पुस्ता'को भावना र मागलाई समेत सम्बोधन गर्नेगरी मुलुकको स्वाधिनता र स्वतन्त्रताका पक्षमा राष्ट्रिय सहमति कायम गर्नुपर्ने समय आएको बताए ।
नेपाली कांग्रेस, नेकपा (एमाले), माओवादी केन्द्रसहितका कम्युनिष्ट घटकहरू, मधेस केन्द्रित राजनीतिक दलहरूजस्ता इतिहास भएका लोकतान्त्रिक राजनीतिक दलहरूबीचको राष्ट्रिय सहमतिमा निर्वाचन सम्पन्न गरी देशलाई राजनीतिक निकास दिनुपर्नेमा जोड दिए ।
जेन्जी पुस्ताको मागलाई समेत समेटेर नेपालको संविधान संशोधन गरी समाजमा देखिएका निराशा र असन्तुष्टि सम्बोधन गर्नुपर्ने धारणा व्यक्त गर्दै उनले विकृति, विसङ्गति र भ्रष्टाचारको अन्त्यसहित सुशासन कायम गर्ने तथा मुलुकलाई आर्थिक समृद्धिको बाटोमा अघि बढाउनेतर्फ समग्र राष्ट्रको ध्यान जानुपर्ने धारणा व्यक्त गरे ।




अध्यक्ष दाहालले अहिले पनि केही राजनीतिक दलका नेतामा अहङ्कार देखिएकामा आश्चर्य प्रकट गर्दै यसअघि गरेका कमीकमजोरीलाई सच्याएर जनतामाझ जानुको विकल्प राजनीतिक पार्टीहरूसँग नरहेको बताए ।
जेन्जी आन्दोलनको भावनालाई आत्मसात् गरी पार्टीको अध्यक्ष पदबाट संयोजकका रूपमा आफू रूपान्तरित भएको स्पष्ट गर्दै उनले आवश्यक परे संयोजकबाट पनि पछि हट्न तयार रहेको जानकारी दिए ।
सो संवाद कार्यक्रममा मूलधारका छापा, विद्युतीय तथा अनलाइन सञ्चारमाध्यमका करिब ३० जना सम्पादकहरूको उपस्थिति थियो ।रासस

# 'जेन्जी आन्दोलनमा उठेका माग सबै नेपालीको हो'




**ललितपुर ।**
पूर्वगृहमन्त्री एवम् नेपाली कांग्रेसका नेता रमेश लेखकले जेन्जी आन्दोलनमा उठेका माग सबै नेपालीको भएको बताएका छन् । गत भदौ २३ र २४ गते भएको जेन्जी आन्दोलन दबाउन सरकारबाट बल प्रयोग गर्ने नीति नरहेको उनले स्पष्ट पारे ।
पार्टीको केन्द्रीय कार्यालय सानेपामा जारी केन्द्रीय पदाधिकारी बैठकमा सहभागी भएर बहिरिने क्रममा शुक्रवार धारणा राख्दै पूर्वगृहमन्त्री लेखकले भदौ २३ गतेको घटनाका सम्बन्धमा सरकारद्वारा गठित आयोगले निष्पक्ष छानबिन गर्नुपर्नेमा जोड दिए ।
'जेन्जी आन्दोलनमा उठेका विषय सबै नेपालीको माग थियो, सुशासन कायम र भ्रष्टाचार नियन्त्रण जेन्जीहहरूले उठाएको माग हो, तर त्यो आन्दोलनमा घुसपैठ भएर दुःखद् घटना भयो, घटना दुःखदायी र पीडादायी थियो, मैले २३ गते नै गृहमन्त्रीबाट राजीनामा गरिसकेको थिएँ, २४ गते दुःखद् घटना भयो, सरकारी र निजी संरचनामा आगजनी भए, यो दुःखद् छ', उनले भने ।
उनले अहिलेको समयमा उत्तेजित हुने र आग्रह पूर्वाग्रहका आधारमा क्रियाशील हुनेभन्दा बृहत्तर हितका लागि ठीक ढङ्गले अगाडि बढ्नुपर्छ भन्नेमा जोड दिए ।
'२६ गतेको बैठकको तयारीका लागि पदाधिकारी र कार्यसम्पादनको बैठक भएको हो, अहिले नेपाली कांग्रेसमा मात्रै नभएर देशमा एकताको आवश्यकता रहेको छ, बृहतर संवादको आवश्यक छ, जेन जेड पुस्ताले माग गरेको कुरालाई सम्बोधन गर्नुपर्ने छ', उनले भने ।
लेखकले भदौ २३ गतेको घटनाको छानबिन गर्नका लागि गठन भएको आयोगले लोकतान्त्रिक पद्धतिभित्र बसेर मुलुकको संविधान र कानुनभित्र बसेर काम गर्नुपर्ने बताए ।रासस

# गृहसचिव दङ्गालद्वारा सशस्त्र कार्यालय निरीक्षण



**काठमाडौँ ।**
गृहसचिव रामेश्वर दङ्गालले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको पूर्वसुरक्षा योजना बनाई काम गर्न निर्देशन दिएका छन् ।
सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालयको निरीक्षण गर्दै उनले सशस्त्र प्रहरीले लिएको अवधारणा महत्त्वपूर्ण रहेकाले विपद् व्यवस्थापन, आन्तरिक सुरक्षा, सीमा सुरक्षा र राजस्व चुहावट नियन्त्रण कार्यसमेत थप व्यवस्थित हुने विश्वास व्यक्त गरे ।
कार्यक्षेत्रमा परिचालित हुँदा जनताप्रति प्रत्यक्ष रूपमा उत्तरदायी भएर काम गर्न सुझाव दिँदै गृहसचिव दङ्गालले हामीले गर्ने दैनिक क्रियाकलापमा आफ्नो सोच, विचार, व्यवहार र कार्यशैली समयानुकूल परिवर्तन गर्न सकियो भने जस्तोसुकै कार्यमा समेत सफलता मिल्ने बताए ।
सीमित स्रोतसाधनका बाबजुद पनि उपलब्ध जनशक्ति तथा साधनस्रोतको अधिकतम उपयोग गरी विभिन्न आन्दोलन, आपतविपदमा परेकाहरूको उद्धार, बाढीपहिरो तथा विपद् व्यवस्थापनमा सशस्त्रको महत्त्वपूर्ण भूमिका रहेको बताउँदै उनले विपद् व्यवस्थापनमा समयमै परिचालित हुन सकिएमा मात्र आमनागरिकको धनजनको क्षति हुनबाट जोगाउन सकिने बताए ।सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले राज्य र नागरिकको सेवा र सुरक्षामा समर्पित सशस्त्र प्रहरी बल नेपाल जनअपेक्षाअनुरूप सुरक्षा प्रदान गर्दै आइरहेको बताए । उनले भने, 'सङ्गठनले आर्जन गरेको प्रतिष्ठा र जनविश्वासलाई अक्षुण राख्न अनुशासित, कर्तव्यपरायण र सेवाप्रति निष्ठावान रही राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा परिचालित हुँदै आइरहेको छ ।'
सुरक्षा निकायको आवश्यकता र औचित्य असामान्य, चुनौतीपूर्ण तथा अप्रिय परिस्थितिमा प्रदर्शन गर्ने कार्यकुशलता, निडरता र सुझबुझबाट प्रमाणित हुने उल्लेख गर्दै उनले आगामी फागुन २१ गते हुन गइरहेको आमनिर्वाचन शान्तिपूर्ण, स्वतन्त्र र निष्पक्ष रूपमा सम्पन्न गराउन सशस्त्र प्रहरी बल, नेपालले आन्तरिक शान्ति सुरक्षा कायम गर्ने भूमिका निर्वाह गर्न पूर्ण प्रतिबद्ध रहेको बताए ।
निरीक्षणका क्रममा गृहसचिव रामेश्वर दङ्गालले प्रधान कार्यालयमा विपद् उद्धारमा प्रयोग हुने सामग्रीको अवलोकन गर्नुभएको बलका सहप्रवक्ता शैलेन्द्र थापाले जानकारी दिए ।रासस

# प्रहरी अतिरिक्त महानिरीक्षकहरूलाई दर्ज्यानी चिह्न प्रदान



**काठमाडौँ ।**
नेपाल प्रहरीका प्रहरी अतिरिक्त महानिरीक्षक पदमा पदोन्नति भएका जना अधिकृत प्रहरी महानिरीक्षक चन्द्रकुवेर खापुङ्गले शुक्रवार दर्ज्यानी चिह्न प्रदान गरेका छन् ।
नेपाल प्रहरी प्रधान कार्यालयमा शुक्रवार आयोजित समारोहबीच उहाँहरूलाई दर्ज्यानी चिह्न प्रदान गरिएको हो । दर्ज्यानी चिह्न प्राप्त गर्नुहुनेमा प्रहरी अतिरिक्त महानिरीक्षकहरू सुशीलसिंह राठौर, उमाप्रसाद चर्तुवेदी, हिमालयकुमार श्रेष्ठ र डम्बरबहादुर विक रहेका छन् । नेपाल मन्त्रिपरिषद्को बिहीबारको बैठकबाट उनिहरूलाई बढुवा र पदस्थापनको निर्णय भएको थियो ।
प्रहरी महानिरीक्षक खापुङ्गले विगतमा भएका कमी कमजोरीको विश्लेषण गरी अझ परिष्कृत र नागरिकमैत्री प्रहरी सेवा प्रदान गर्न उच्च मनोबलका साथ कार्य सम्पादन गर्न उपस्थित प्रहरी कर्मचारीहरूलाई निर्देशन दिए ।रासस

# उम्मेदवार छनोटका लागि रास्वपाको सुझाव कार्यदल गठन

**काठमाडौं ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले आगामी २१ फागुनमा हुने प्रतिनिधि सभा निर्वाचनलाई लक्षित गर्दै उम्मेदवार छनोट प्रक्रियालाई पारदर्शी, व्यवस्थित र एकीकृत बनाउन सुझाव संकलन कार्यदल गठन गरेको छ ।
शनिवार पार्टी केन्द्रीय कार्यालयमा बसेको सचिवालय बैठकले सह–महामन्त्री विपिनकुमार आचार्यको संयोजकत्वमा कार्यदल गठन गरेको हो । कार्यदलमा सातै प्रदेशका सभापति तथा केन्द्रीय निर्वाचन आयोगका प्रतिनिधिहरू समेत रहने छन् ।
पार्टी केन्द्रीय सदस्य सोविता गौतमका अनुसार कार्यदलले उम्मेदवार छनेटका लागि आन्तरिक मापदण्ड, मूल्यांकन प्रणाली र सदस्यहरूको सुझाव संकलन गरी अन्तिम प्रस्ताव तयार गर्नेछ ।
बैठकले वर्तमान राजनीतिक परिस्थितिलाई ध्यानमा राख्दै राष्ट्रिय हित, एकता र सौहार्दता प्रवद्र्धनका लागि विभिन्न सामाजिक, राजनीतिक शक्ति तथा समूहसँग संवाद र सहकार्य गर्न उपसभापति स्वर्णिम वाग्लेको संयोजकत्वमा संवाद समिति गठन गर्ने निर्णय पनि गरेको छ । सो समितिले आगामी निर्वाचनमा सम्भावित गठबन्धन तथा साझा एजेन्डा तय गर्न छलफल अघि बढाउनेछ ।
त्यस्तै, पार्टीको केन्द्रीय समिति विस्तारित बैठक आगामी कार्तिक १४ र १५ गते चितवनमा आयोजना गर्ने निर्णय गरिएको छ । बैठकका तयारीका लागि केन्द्रीय सदस्य हरी ढकालको नेतृत्वमा व्यवस्थापन समिति गठन गरिएको गौतमले बताइन् ।
बैठकले असोज महिनामा देशका विभिन्न स्थानमा आएको विपद्को समयमा उद्धार, राहत तथा पुनःस्थापनामा सक्रिय रहनुभएको पार्टी संरचना र स्वयंसेवकहरूलाई धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा पनि सक्दो सहयोग र योगदान जारी राख्ने निर्णय गरेको छ । साथै, पार्टीले सल्लाहकार परिषद् गठनको प्रक्रिया शुरु गर्दै विभिन्न क्षेत्रका विज्ञ र विशेषज्ञलाई मनोनयन गर्ने कार्य अघि बढाएको पनि गौतमले जानकारी दिइन् ।
रास्वपाले आगामी निर्वाचनलाई संस्थागत सुधार र सुशासन प्रवद्र्धनको अवसरका रूपमा लिँदै उम्मेदवार छनेटदेखि नीति निर्माणसम्मको प्रक्रिया सहभागी र पारदर्शी बनाउने तयारी गरेको जनाएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन